# जीवनको प्रकाश

[ नेपाली - Nepali - نيبالي ]

अनुवादकः अतीकुर्रह्मान मो.इदरीस खान मक्की

2014 - 1435

IslamHouse.com

# نورالحياة

« باللغة النيبالية »

الترجمة: عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा नूरुल् हयात फिल्म अर्थात चलचित्र जीवनको प्रकाशको अनुवाद गर्ने प्रयास गरेको छु, र यसलाई प्रत्येक मुसलमानको सामु प्रस्तुत गर्न खोजेको छु जुन ज्ञान यसभित्र छ त्यो समस्त मुसलमानहरूको लागि अति आवश्यक छ । र जसको जानकारी प्रत्येक मुसलमानको लागि जरुरी छ । र विशेषरूपले नयाँ मुसलमानहरुलाई यो अनुवाद पुऱ्याउन खोजेको छु किनकि चलचित्रलाई

खासगरी नयाँ मुसलमानहरुको लागि नै तयार गरिएको छ। मैले चलचित्रमा चित्रण गरिएको दृश्य र कुरोलाई साधारण तरिकाले नेपाली भाषामा अनुवाद गर्ने प्रयास गरेको छु साथै आवश्यक परेमा कुरोलाई संक्षेपमा वा विस्तारले वर्णन गर्ने प्रयास गरेको छु। यदि अनुवादमा कुनै कमी कम्जोरी छ भने त्यो मेरोतर्फबाट हो, र यदि अनुवाद सही छ भने त्यो अल्लाहको कृपाको प्रतीक हो।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ। यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन्। अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**अनुवादक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

प्रिय मुसलमान भाइ ! तपाइलाई बधाई होस् यस सत्य धर्मको धर्मावलम्बी बन्नुको लागि, र यस विशाल र महान अनुकम्पाको लागि, निःसन्देह अल्लाहका अपार र नगन्य अनुकम्पाहरू छन् जसलाई नत आँकलन गर्न सकिन्छ नत त्यसको गन्ति नै गर्न सकिन्छ । अल्लाहको फर्मान छ :

﴿ وَإِن تَعُدُّواْ نِعۡمَةَ ٱللَّهِ لَا تُحۡصُوهَآۗ إِنَّ ٱللَّهَ لَغَفُورٞ رَّحِيمٞ ﴾ النحل: ١٨

अर्थ : र यदि तिमी अल्लाहका अनुकम्पाहरू गन्न चाहन्छौ भने गन्न सक्दैनौ । निःसन्देह अल्लाह बड़ो क्षमाशील र परम दयालु छ । ( सूरतुन्नहल १८ )

त हामीमाथि अल्लाहको सबैभन्दा ठूलो अनुकम्पा यो हो कि त्यसले हामीलाई त्यस धर्मतर्फ मार्गदर्शित गर्‍यो जुन धर्मलाई हाम्रो लागि रोजेको छ, त इस्लाम धर्म नै सुमार्गको साँचो हो, र अंधकारबाट निस्केर प्रकाशतर्फ आकर्षित हुनु हो, यसले गर्दा इस्लाम धर्म यस संसारको

सबैभन्दा ठूलो र पूर्ण अनुकम्पा हो, अल्लाहको फर्मान छ :

﴿ ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ ٣ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना अनुकम्पाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौ, । ( सूरतुल् माइदः ३ )

हे मुसलमान भाइ ! इस्लामका पाँच आधारहरू छन्, र यी आधारहरू नै यस धर्मका मूल र विशाल स्तम्भहरू हुन्, रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : इस्लामका पाँच मूल आधारहरू छन् : लाइलाहा इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाहको साक्ष्य बस्नु, र नमाज कायम गर्नु, र जकात (धर्मदाय) दिदैरहनु, र बैतुल्लाहको यात्रा गर्नु (हज्ज गर्नु ) , र रमजानको व्रत बस्नु । ( बुखारी, मुस्लिम )

## दुवै साक्ष्य बस्नुको वर्णन

म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देशवाहक हुन् ।

*** लाइलाहा इल्लल्लाहको गवाही :**

किनकि यस ब्रह्माण्डमा अल्लाह बाहेक कोही पनि सत्य पूज्य छैन, त त्यो अल्लाह नै यस विश्वको रचयता हो, त्यो पवित्र छ र परोक्ष अपरोक्ष गोप्य जाहेरको ज्ञाता छ, पूर्ण मात्र त्यो नै छ, र त्यसैका लागि पवित्र र राम्रा राम्रा नाम एवं विशेषताहरू छन्, र अल्लाहले नै मनुष्यलाई त्यो सबै सिकाएको हो जसको ज्ञान त्यसलाई थिएन, तसर्थ त्यसैतर्फ प्रत्येक पूर्ण अपूर्ण, साना ठूला, दृश्य अदृश्य...सबै कुराहरू प्रवृत्त हुन्छन् । अल्लाहको फर्मान छ :

﴿ ۞ وَعِندَهُۥ مَفَاتِحُ ٱلۡغَيۡبِ لَا يَعۡلَمُهَآ إِلَّا هُوَۚ وَيَعۡلَمُ مَا
فِي ٱلۡبَرِّ وَٱلۡبَحۡرِۚ وَمَا تَسۡقُطُ مِن وَرَقَةٍ إِلَّا يَعۡلَمُهَا وَلَا
حَبَّةٖ فِي ظُلُمَٰتِ ٱلۡأَرۡضِ وَلَا رَطۡبٖ وَلَا يَابِسٍ إِلَّا فِي كِتَٰبٖ
مُّبِينٖ ٥٩ ﴾ الأنعام: ٥٩

अर्थ : र अदृश्य कुराको साँचो अल्लाहसँग छ जसको बारेमा उस बाहेक अरु कसैलाई थाहा छैन र जे-जति पृथ्वी र समुन्द्रमा छन् उसैलाई त्यसको ज्ञान छ। एउटा पात झर्दा पनि उसलाई थाहा हुन्छ र पृथ्वीको अँध्यारोमा कुनैदाना उसको जानकारी बेगैर झर्दैन कुनै हरियो, सुकेको कुरा जे-जति छन् सबै स्पष्ट रूपले किताबमा (लौहेमहफूजमा) छन्। ( सूरतुल् अन्आम ५९ )

त मात्र त्यो अल्लाह नै पूजा योग्य छ, र त्यो नै हो जसको पूजा हृदयहरू श्रद्धा प्रेम र सम्मानको साथ भयभीत र नत्मस्तक भई, त्यसमाथि पूर्णआस्था राखी, त्यसलाई पुकारी र त्यससित याचना गरी गर्दछन्। त अल्लाह बाहेक कसैसित विन्ती गर्नु, पुकार्नु, सहायता माँग्नु अनुचित र अवैध छ, तसर्थ अल्लाह बाहेक कसैमाथि भरोसा गर्नुहुन्न, कसैको लागि नमाज पढ्नु हुन्न, र कसैको लागि बलि गर्नुहुन्न।

त पूजालाई त्यसै अल्लाहको लागि विशेष गर्नु अति आवश्यक छ, त्यो अल्लाह एकलै छ, त्यसको कोही साझीदार र समकक्षी छैन। अल्लाहको फर्मान छ :

﴿ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ ٥ ﴾ البينة: ٥

अर्थ : उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उसैको लागि धर्मलाई शुद्ध राखुन । ( सूरतुल् बैयिन: ५ )

र यस कारण पनि कि यो गवाही मुसलमानमाथि पहिलो वाजिब (अनिवार्य कार्य) हो, त जुनसुकैलाई पनि इस्लाममा प्रवेशिकाको इच्छा होस् त्यसमाथि यो अनिवार्य भइहाल्छ कि त्यो यसमाथि (यस मन्त्रमाथि) विश्वास गरोस्, र यसको मुखले उच्चारण गरोस्, र यसैको नियम बमोजिम कर्म गरोस् । किनकि जसले पनि यस मन्त्रमाथि पूर्ण विश्वास गरेर नि:स्वार्थताको साथ अल्लाहको प्रसन्नता प्राप्त गर्ने उद्देश्यले यसको उच्चारण गऱ्यो त यो मन्त्र त्यसलाई नर्कबाट मुक्त र सुरक्षित गर्ने कारण भइहाल्नेछ । नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " नि:सन्देह जस व्यक्तिले पनि मात्र अल्लाहको प्रसन्नता पाउनको लागि लाइलाहा इल्लल्लाहको उच्चारण गऱ्यो अल्लाह त्यसमाथि नर्कलाई हराम गरिदिन्छन् " ( बुखारी )

तसर्थ जुन व्यक्तिको पनि यस अवस्थामा मृत्यु भयो कि त्यो यस मन्त्रमाथि पूर्ण विश्वास राख्थ्यो त त्यो व्यक्ति स्वर्गीयहरू मध्येको हुनेछ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : "

जस व्यक्तिको यस अवस्थामा मृत्यु हुन्छ कि त्यो लाइलाहा इल्लल्लाहमा आस्था राख्यो भने त्यो स्वर्गमा प्रवेश पाउने छ ”। ( अहमद )

यसर्थ लाइलाहा इल्लल्लाहको अर्थलाई जान्नु, त्यसको ज्ञान राख्नु अति महत्वपूर्ण र भब्य एवं विशाल अनिवार्य कार्यहरू मध्येको प्रथम अनिवार्य कार्य हो ।

## * मुहम्मदुर्रसूलुल्लाहको गवाहीको वर्णन :

उहाँ मुहम्मद पुत्र अब्दुल्लाह पुत्र अब्दुल मुत्तलिब पुत्र हाशिम, कुरैशी वंशबाट हुन् । उहाँ सल्लल्लाहो अलैहे वसल्लम पूर्ण अरबीहरू भन्दा मर्यादित र उच्च वंशजको हुनुहुन्छ, अल्लाहले उहाँलाई समस्त जाति, सम्प्रदाय, र समस्त ब्रह्माण्डको लागि सर्वथा दया बनाएर पठाएको हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُلْ يَـٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُمْ جَمِيعًا ٱلَّذِى لَهُۥ مُلْكُ ٱلسَّمَـٰوَٰتِ وَٱلْأَرْضِ ۖ لَآ إِلَـٰهَ إِلَّا هُوَ يُحْىِۦ وَيُمِيتُ ۖ ﴿١٥٨﴾ ﴾ الأعراف: ١٥٨

अर्थ : तपाईले भनिदिनुस् : “हे मानिसहरू ! म तिमीहरू सबैको लागि त्यस अल्लाहबाट पठाइएको रसूल हूँ जो आकाशहरू र धर्तीको

राज्यको स्वामी छ । उस बाहेक कोही सत्य पुज्य छैन, उसैले जीवन प्रदान गर्दछ र उसैले प्राण लिन्छ । ( सूरतुल् अअ्राफ १५८ )

र अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई समस्त सन्देष्टाहरूको समापक बनाएर पठाएको हो, उहाँ पश्चात कुनै सन्देष्टा आउने छैन । अल्लाहको फर्मान छ :

﴿ مَّا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٍ مِّن رِّجَالِكُمْ وَلَٰكِن رَّسُولَ ٱللَّهِ وَخَاتَمَ ٱلنَّبِيِّـۧنَ ﴾ الأحزاب: ٤٠

अर्थ : (मानिसहरू हो ! ) तिम्रा पुरुषहरू मध्ये कसैको पिता मुहम्मद(सल्लल्लाहो अलैहे वसल्लम) होइनन्, बरु उनी अल्लाहका रसूल र नबीहरूका समापक (अन्तिम नबी) हुन् । ( सूरतुल् अहजाब ४० )

र अल्लाहले समस्त मानव दानवजाति माथि उहाँको अनुशरण अनिवार्य गरिदिएको छ, यसर्थ उहाँको अनुशरण अल्लाहको अनुशरण सरह छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ مَّن يُطِعِ ٱلرَّسُولَ فَقَدْ أَطَاعَ ٱللَّهَ ﴾ النساء: ٨٠

अर्थ : जुन मानिसले रसूल(सल्लल्लाहो अलैहे वसल्लम)को आज्ञा पालन गर्दछ, उसैले

अल्लाहको आज्ञा पालन गरे सरह मानिन्छ..। ( सूरतुन्निसा ८० )

र अल्लाहले आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि सबैभन्दा उच्चकोटिको ग्रनथ पवित्र कुरआनलाई अवतरित गर्‍यो जुन सत्यलाई प्रकट गर्छ, र असत्य त्यसमा मिश्रित हुनसक्दैन, यसर्थ मुहम्मदुर्रसूलुल्लाहको साक्ष्य बस्नुको अर्थ उहाँका समस्त कुराहरू माथि विश्वास गर्नु हो, र उहाँको निर्देशनको पालना गर्नु हो, र उहाँले वर्जित गरेका समस्त कुराहरूबाट पन्छिनु हो ।

र हामी अल्लाहको पूजा त्यस तरिकाले गरौं जुन तरिका उहाँले अपनाउनु भयो, तसर्थ हामीलाई यो ज्ञान हुनु पर्‍यो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफै केही भन्दैन्थे बरु उहाँ त्यही कुरा भन्थे जुन उहाँमाथि वह्‍य (प्रकाशना) गरिन्थ्यो ।

## पवित्र कुरआन र सूरतुल् फातिहा

**पवित्र कुरआन :** पवित्र कुरआन समस्त संसारको पालनकर्ताको साक्षात वाँणी हो जसमा कुनै सन्देह र बाङ्गोपना छैन, त्यसलाई लिएर जिब्रील अलैहिस्सलाम मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि रमजान महिनाको सम्मानित रात्रीमा अवतरित गरे । अल्लाहको फर्मान छ :

﴿ شَهۡرُ رَمَضَانَ ٱلَّذِيٓ أُنزِلَ فِيهِ ٱلۡقُرۡءَانُ هُدٗى لِّلنَّاسِ وَبَيِّنَٰتٖ مِّنَ ٱلۡهُدَىٰ وَٱلۡفُرۡقَانِۚ ١٨٥ ﴾ البقرة: ١٨٥

अर्थ : रमाजानको महिना त्यो हो जुन महिनामा कुरआन उतारियो, जो मानिसहरूको लागि पथ प्रदर्शक हो र जसमा मार्गदर्शन र सत्य र असत्यलाई छुट्टयाउने निशानीहरू छन् । ( सूरतुल् बकर: १८५ )

﴿ إِنَّآ أَنزَلۡنَٰهُ فِي لَيۡلَةِ ٱلۡقَدۡرِ ١ ﴾ القدر: ١

अर्थ : हामीले यस (कुरआन) लाई क्द्रको रातमा (सम्मानित रातमा) अवतरित गऱ्यौं । ( सूरतुल् कद्र १ )

ताकि यो गरिमामय ग्रन्थ समस्त संसारलाई अन्धकारबाट प्रकाशतिर लगाओस् । अल्लाहको फर्मान छ :

﴿ هُوَ ٱلَّذِي يُنَزِّلُ عَلَىٰ عَبۡدِهِۦٓ ءَايَٰتِۭ بَيِّنَٰتٖ لِّيُخۡرِجَكُم مِّنَ ٱلظُّلُمَٰتِ إِلَى ٱلنُّورِۚ وَإِنَّ ٱللَّهَ بِكُمۡ لَرَءُوفٞ رَّحِيمٞ ٩ ﴾ الحديد: ٩

अर्थ : उही अल्लाह हो जसले आफ्नो भक्तहरूमाथि स्पष्ट आयतहरू उतारिराखेको छ ताकि उसले तिमीलाई अन्धकारहरूबाट प्रकाशतिर ल्याओस् । वास्तविकता यो छ कि

अल्लाह तिमीमाथि अत्यन्त करुणामय र दयावान छ । ( सूरतुल् हदीद ९ )

जसरीकि अल्लाहले यस पवित्र ग्रन्थ कुरआनलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वलाई प्रमाणिकरण गर्नुको लागि र सुमार्ग देखाउन र सुसमाचार सुनाउनको लागि अवतरित गरेको छ । अल्लाहको फर्मान छ :

﴿ وَٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ وَءَامَنُواْ بِمَا نُزِّلَ عَلَىٰ مُحَمَّدٖ وَهُوَ ٱلۡحَقُّ مِن رَّبِّهِمۡ كَفَّرَ عَنۡهُمۡ سَيِّـَٔاتِهِمۡ وَأَصۡلَحَ بَالَهُمۡ ٢ ﴾ محمد: ٢

अर्थ : र जसले विश्वास गरे र असल कर्म गरिरहे र जुन (किताब) मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) माथि अवतरित भएको छ, त्यसलाई मानिराखे र त्यो नै उनको पालनकर्ताबाट सत्य धर्म हो । त अल्लाहले उनीहरूका पापलाई हटाइदियो र उनीहरूको अवस्था सुधारिदियो । ( सूरतु मुहम्मद २ )

र निःसन्देह अल्लाहले कुरआनमा विगतका र आउनेहरूको बारेमा, आकाशपाताल र पृथ्वीको रचनाको बारेमा, र हलाल हरामको बारेमा, नैतिकता एवं आचरणका मूल आधारहरूको बारेमा, पूजा अराधना र समस्या समाधान एवं

व्यापार व्यवसायबारे निर्देशनहरूको बारेमा, सन्देशवाहक र सदाचारीहरूका कथाहरूको बारेमा, आस्थावान र अनास्थावानहरूको प्रतिफलको बारेमा, स्वर्गको विशेषता, र आस्थावानहरूको ठेगानाको बारेमा, र नर्कको विशेषता एवं काफिरहरूको ठेगानको बारेमा विस्तारले स्पष्टिकरण गरेको छ । र पवित्र कुरआनलाई समस्त कुराहरूको स्पष्टिकरण गर्नेवाला बनाएको छ । अल्लाहको फर्मान छ :

﴿ وَيَوْمَ نَبْعَثُ فِي كُلِّ أُمَّةٍ شَهِيدًا عَلَيْهِم مِّنْ أَنفُسِهِمْ ۖ وَجِئْنَا بِكَ شَهِيدًا عَلَىٰ هَٰٓؤُلَآءِ ۚ وَنَزَّلْنَا عَلَيْكَ ٱلْكِتَٰبَ تِبْيَٰنًا لِّكُلِّ شَيْءٍ ﴿٨٩﴾ ﴾ النحل: ٨٩

अर्थ : र जुन दिन हामीले प्रत्येक समुदायबाट स्वयं उनीमाथि साक्षी उभ्याउने छौं, र (हे पैग़म्बर) तपाईलाई यिनीहरूमाथि साक्षी बनाएर ल्याउने छौं, र हामीले तपाई माथि (यस्तो) किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्णन विस्तारपूर्वक छ ।( सूरतुन्नहल ८९ )

र पवित्र कुरआनमा अल्लाहका नाम र विशेषताहरूको वर्णन, सृष्टिको वर्णन, अल्लाहमाथि आस्था राख्नुको निमन्त्रणको वर्णन, त्यसका ग्रन्थहरू, सन्देष्टाहरू, र प्रलयको

दिनमाथि आस्था राख्नुको वर्णन छ । अल्लाहको फर्मान छ :

﴿ ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيۡهِ مِن رَّبِّهِۦ وَٱلۡمُؤۡمِنُونَۚ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّن رُّسُلِهِۦۚ وَقَالُواْ سَمِعۡنَا وَأَطَعۡنَاۖ غُفۡرَانَكَ رَبَّنَا وَإِلَيۡكَ ٱلۡمَصِيرُ ٢٨٥ ﴾ البقرة: ٢٨٥

अर्थ : (हाम्रा) रसूलले त्यस कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट उतारियो र मोमिनहरूले पनि ईमान ल्याए, यिनीहरू सबै अल्लाह, उसका फरिश्ताहरू, उसका किताबहरू र उसका पैगम्बरहरू माथि ईमान ल्याए । हामी उसका पैगम्बरहरूमध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं, उनीहरूले भने कि हामीले सुन्यौं र मान्यौं हामीले क्षमाको लागि प्रार्थना गर्दछौं । हे पालनकर्ता ! र तिमी छेउ नै फर्केर जानु छ । ( सूरतुल् बकरः २८५ )

पवित्र कुरआन गरिमामय र विशाल एवं महान ग्रन्थ हो, तसर्थ यो ग्रन्थ प्रत्येक युग र स्थानको लागि उत्तम छ, यसमा यस्ता यस्ता श्लोकहरू छन् कि त्यस मध्ये केही त विश्वको लागि चमत्कार हुन्, त केही यस्ता स्पष्टिकरण हुन्

जसलाई मात्र विद् र ज्ञानीहरू बुझ्दछन्, त केहीभित्र प्रलय र पुनर्जन्म एवं (हश्र) एकत्रित गरिने दिनको वर्णन छ, र हिसाब किताब, प्रलयको महान चौर र महान दिनको वर्णन छ। अल्लाहको फर्मान छ :

﴿ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ۚ لَيَجْمَعَنَّكُمْ إِلَىٰ يَوْمِ ٱلْقِيَٰمَةِ لَا رَيْبَ فِيهِ ۗ وَمَنْ أَصْدَقُ مِنَ ٱللَّهِ حَدِيثًا ﴿٨٧﴾ ﴾ النساء: ٨٧

अर्थ : अल्लाह त्यो वास्तविक रब हो जस बाहेक अरु कोही पूजा योग्य छैन। उसले निःसन्देह प्रलयको दिन तिमी सबैलाई एकत्रित गर्नेछ जसको आउनुमा कुनै शंका छैन। र अल्लाह भन्दा बढी सच्चा को छ ? ( सूरतुन् निसा ८७ )

त पवित्र कुरआन आकस्मिक ग्रन्थहरू मध्ये सर्वोत्कृष्ट, परिपूर्ण र अन्तिम ग्रन्थ हो, तसर्थ यस ग्रन्थको महत्वको कारण नै उम्मतलाई यसको अति अवश्यकता छ, यसर्थ अल्लाहले हामीलाई यस ग्रन्थद्वारा सम्मानित गऱ्यो, र यसलाई हामीहरूको लागि हामीमाथि नै अवतरित गऱ्यो, र आफै यसको सुरक्षाको जिम्मेवारी पनि लियो, तसर्थ यसमा कुनै प्रकारको थपघट गर्न सकिदैन। अल्लाहको कथन छ :

﴿ إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ﴿٩﴾ ﴾ الحجر: ٩

अर्थ : (नि:सन्देह) हामीले नै कुरआनलाई उतारेका छौं र हामी नै यसको संरक्षक हौं । ( सूरतुल् हिज्र ९ )

## पवित्र कुरआन र त्यसको पाठनको श्रेष्ठता

नि:सन्देह पवित्र कुरआन र त्यसको पाठनको ठूलो महत्व र श्रेष्ठता छ, यसर्थ पवित्र कुरआन र त्यसको पाठन हामीलाई अल्लाहसित निकट्ता प्रदान गर्छ, र यसको पाठन र ज्ञान एवं त्यसै ज्ञान बमोजिम कर्म गर्नु हाम्रो श्रेणीलाई उच्च गर्छ । र अल्लाहको यस उम्मतमाथि यो अपार अनुग्रह हो कि यस गरिमामय ग्रन्थको एक अक्षरको पाठनको पुण्य कैयौं गुणा बढाएर दिन्छ । जसरी कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : “ जसले कुरआनको एक अक्षरको पाठ गर्छ त्यसलाई एक पुण्य मिल्छ, र एक पुण्यलाई त्यसैभ्कैं दशगुणा गराइन्छ, र म भन्दिनँ कि अलिफलाममीम एउटै अक्षर हो, बरु अलिफ अक्षर हो, र लाम पनि अक्षर हो, र मीम पनि अक्षर हो ” । ( तिर्मिजी )

त पवित्र कुरआनमा समस्त याचकको याचनाको उत्तर छ, र समस्त संसारका लागि स्पष्ट चमत्कारहरू छन्, र समस्त मानवगणको लागि

स्पष्टिकरण छ, र आस्थावानहरूको लागि दिशानिर्देशन, दया र स्वस्थकर पनि छ । र यो अल्लाहको विशाल अनुग्रह नै हो कि यसद्वारा अल्लाहले आस्थावान भक्तहरू मथि उपकार गऱ्यो किनकि यसमा नै अल्लाहलाई प्रसन्न गर्ने, त्यसको लागि निष्ठा दर्शाउने, आत्मालाई स्वच्छ र पवित्र  एवं सन्तुष्ट पार्ने, कुराहरू छन् । र यसमा सन्तुष्ट जीवनका माध्यम, जीविकालाई फराकीलो पार्ने र सफलता एवं पुण्य कमाउने तरिका पनि छन् ।

**सूरतुल् फातिहा र त्यसको श्रेष्ठता** :

सूरतुल फातिहा पवित्र कुरआनको पहिलो आरम्भिक सूरत हो, र यसलाई फातिहा यस कारण भनिन्छ किनकि पवित्र कुरआनको आरम्भ यसै सूरतबाट हुन्छ । र यस सूरतको अति श्रेष्ठता हदीसहरूमा वर्णन छ एउटा हदीसमा छ : " हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि यस अवस्थामा कि हजरत जिब्रील अलैहिस्सलाम रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ बसेका थिए कि एक्कासी आफूमाथि एउटा भयंकर आवाज सुन्नु भयो, अनि आफ्नो टाउको उठाउनु भयो र भन्नु भयो: यो आकाशको एउटा ढोका हो जुन आज खोलिएको छ, र जसलाई आज बाहेक कहिले

पनि खोलिएको थिएन, अनि त्यसबाट एउटा फरिश्ता (सवर्गदूत) अवतरित भयो, र भन्नु भयोः यो स्वर्गदूत पृथ्वीतिर अवतरण गरेको छ जुन आजभन्दा पहिला कहिले पनि अवतरित भएको थिएन, अनि त्यसले सलाम गऱ्यो र भन्योः हे (मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम) दुई प्रकाशको शुभसमाचार सुन्नुस् जुन तपाई बाहेक कुनै सन्देष्टालाई प्रदान गरिएको थिएन, र त्यो होः सूरतुल् फातिहा, र सूरतुल् बकरःको अन्तिम खण्ड, त्यस मध्ये जेपनि पढनु हुन्छ तपाईलाई प्रदान गरिन्छ " ( बुखारी )

र यो सूरत पवित्र कुरआनको सबैभन्दा महान सूरत पनि हो, जसरीकि हदीसमा वर्णन छ : " अबू सईद बिन मुअल्ला वर्णन गर्नुहुन्छ कि म नमाज पढदै थिएँ अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मलाई बोलाउनु भयो, त मैले उत्तर दिएन, अनि (नमाज पश्चात) मैले भनेंः हे अल्लाहको रसूल म नमाजमा थिएँ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः के अल्लाहले यो भनेको छैन कि **जब अल्लाह वा अल्लाहका रसूल बोलाउन त तुरुन्तै आइहाल**, अनि भन्नु भयोः के म तिमीलाई कुरआनको सबैभन्दा महान सूरतको बारेमा ज्ञान नगराऊँ यसभन्दा अघि कि तिमी मस्जिदबाट प्रस्थान

गर, अनि सहाबीको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मेरो दुवै हातलाई समात्नु भयो, अनि जब हामी मस्जिदबाट निस्कने इच्छा गरें त मैले भनें: हे अल्लाहको रसूल तपाईंले भन्नु भएको थियो कि मलाई कुरआनको सबैभन्दा महान सूरतको बारेमा बताउनु हुनेछ ? त उहाँले भन्नु भयो: अल्हम्दो लिल्लाहे रब्बिल् आलमीन (अर्थात सूरतुल् फातिहा) र भन्नु भयो: यो नै सबउल् मसानी हो र महान कुरआन हो जुन मलाई प्रदान गरिएको छ " ( बुखारी )

र सूरतुल् फातिहा नमाजका आधारहरू मध्ये प्रमुख र महान आधार हो, यसर्थ सूरतुल् फातिहाको पाठ नमाजको प्रत्येक रकअतमा अनिवार्य छ, र त्यसको पाठन नगरिकन् नमाज हुँदैन । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " त्यस मान्छेको नमाज हुँदैन जसले त्यसमा सूरतुल् फातिहाको पाठन नगरोस् " । ( बुखारी )

**सूरतुल फातिहाको अर्थ :**

**अल्हम्दु लिल्लाहि रब्बिल आलमीन :**

अल्लाहको प्रशंसा त्यसका समस्त विशेषताहरू र कार्यहरूको माध्यमबाट, र त्यसका जाहेर र

गोप्य अनुकम्पाहरूद्वारा, प्रेम र श्रद्धा अल्लाहलाई अर्पित गर्दै । र रबको अर्थ हो : त्यो अल्लाह नै सबैको स्रष्टा, सबैको विधाता, सबैको प्रचालक, र सबैलाई अनुग्रह प्रदान गर्नेवाला हो । र आलमीनको अर्थ हो: अल्लाह बाहेकका समस्त सृष्टि, मानव दानव, स्वर्गदूत जनावर... आदि ।

**अर्रहमानिर्रहीम :**

अल्लाहका नामहरू मध्येका दुई नाम हुन्, र रहमानको अर्थ हो: दयावान जसको दया सबैलाई घेरामा लिएको छ, ( अर्थात त्यसको दया सबैलाई प्राप्त हुन्छ चाहे सत्कर्मी होस् वा कुकर्मी ) र रहीमको अर्थ हो: दयावान जसको दया मात्र आस्थावानहरूको लागि विशेष छ ।

**मालिकि यौमिद्दीन :**

अर्थात प्रलयको दिनको कर्ता धरता र त्यसको स्वामी, र यस श्लोकमा मुसलमानहरूलाई प्रलयको दिनबाट सचेत गरिएको छ, र सत्कर्मतर्फ उत्साहित गरिएको छ ।

**ईयाका नअ्बुदु वईयाका नस्तईन :**

अर्थात हे अल्लाह हामी पूजा मात्र तिम्रो लागि नै विशेष गर्छौं, र तिम्रो साथमा कसै आर्काको पूजा गर्दैनौं चाहे त्यो पूजाको कुनै थरि किन नहोस्, र

तिमीसित नै आफ्ना समस्त समस्याहरूमा सहायता चाहन्छौं किनकि समस्त कुराहरूमा तिमी नै शक्ति सम्पन्न छौ, तिमी बाहेक कोही पनि एक कणको पनि अधिकारी छैन ।

**इह्दिनस्सिरातल् मुस्तकीम :**

अर्थात हामीलाई सुमार्गमा लगाइदेऊ, र त्यसैमा सुदृढ राख यहाँ सम्मकि हामीलाई तिम्रो साक्षातकार प्राप्त होस् । र सिरातल् मुस्तकीमको अर्थ हो : इस्लाम धर्म जुनकि स्पष्ट छ र स्वर्ग र अल्लाहको प्रसन्नता सम्म पुऱ्याउनेवाला छ, र जसतर्फ अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले आमन्त्रित गर्नु भयो, र भक्तको भलाई र सफलता यसै इस्लाममाथि सुदृढ रहनुमा छ ।

**सिरातल्लजीना अन्अम्ता अलैहिम :**

अर्थात सन्देष्टा र सदाचारीहरूको बाटो जिनमाथि तिम्रो विशेष कृपा अवतरित हुन्थ्यो, र जुन महान पुरुषहरूले सत्यलाई जाने र त्यसलाई अङ्गीकार गरी त्यसैमा सुदृढ रहे ।

**गैरिल् मग्जूबि अलैहिम वलज्जाल्लीन :**

अर्थात हामीलाई ती अभिशप्त मान्छेहरूको मार्गबाट जोगाऊ जसमाथि तिम्रो प्रकोप र क्रोध अवतरित भयो, कारण यो थियोकि उनीहरूले सत्यलाई जाने पश्चात पनि त्यसलाई अङ्गीकार

गरेनन्, र त्यस बमोजिम कर्म गरेनन्, र ती हुन् यहूदीहरू। र हामीलाई पथभ्रमितहरूको मार्गबाट पनि जोगाऊ जुन आफ्नो अनभिज्ञताको कारण सत्मार्ग पाएनन् र यी हुन् ईसाईहरू र ती व्यक्तिहरू जुन यिनै जस्ता पथभ्रमित छन्।

त यसै कारण सूरतुल् फातिहाको धेरै श्रेष्ठता हाम्रो पालनकर्ताद्वारा वर्णित छ जसद्वारा अल्लाहले हामीमाथि अर्थात मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका अनुयायीहरू माथि उपकार गरेको छ, किनकि जब तपाई आफ्नो नमाजमा यसलाई पढ्नुहुन्छ यसको पाठ गर्नुहुन्छ त अल्लाह स्वयम् प्रत्येक श्लोकको उत्तर दिन्छन्, जस्तोकि हदीसमा वर्णित छ : " अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसले नमाज पढ्यो र त्यसमा सूरतुल् फातिहाको पाठ गरेन त्यसको नमाज अपूर्ण छ यसलाई तीन पटक भन्नु भयो, त अबू हुरैरहसित सोधियो कि हामी जब इमामको पछाडि नमाज पढ्छौं तब के गरौं ? त उहाँले भन्नु भयो: कि आफ्नो मनमा यसको पाठ गर किनकि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु कि अल्लाहको भनाई छ कि मैले नमाजलाई आफू र भक्त बीच दुई भागमा विभाजित गरिदिएको छु,

र भक्तको लागि त्यो सबै छ जसको याचना गर्नेछ, अनि जब भक्त भन्छ: अल्हम्दु लिल्लाहि रब्बिल् आलमीन, त अल्लाह भन्छ: मेरो भक्तले मेरो प्रशंसा गऱ्यो । र जब भक्त भन्छ: अर्रहमानिर्रहीम, त अल्लाह भन्छ: मेरो भक्तले आशाको साथ मेरो प्रशंसा गऱ्यो । र जब भक्त भन्छ: मालिकि यौमिद्दीन, त अल्लाह भन्छ: मेरो भक्त मेरो महानता र पवित्रताको गुणगान गऱ्यो, र एक चोटि भन्नु भयो: कि अल्लाह भन्छ: मेरो भक्तले आफ्नो समस्त कुराहरूलाई मलाई सुम्पि दियो । र जब भक्त भन्छ: ईयाका नअ्बुदु वईयाका नस्तईन, त अल्लाह भन्छ: यो कुरो मेरो र मेरो भक्त बीच छ भक्तको लागि त्यो सबै छ जुन मसित माँग्दछ । अनि जब भक्त भन्छ: इह्दिनस्सिरातल् मुस्तकीम, सिरातल्लजीना अन्अम्ता अलैहिम, गैरिल् मग्जूबि अलैहिम वलज्जाल्लीन, त अल्लाह भन्छ: यो मेरो भक्तको लागि हो, त्यो ती सबै कुराहरू पाउनेछ जसको याचना गर्छ " । ( मुस्लिम )

## पवित्रता र वजू

तहारत (पवित्रता) को अर्थ हो: स्वच्छता । अल्लाहले प्रत्येक मुसलमानलाई यो आदेश गरेको छ कि त्यो वैधानिक पवित्रता ग्रहण गरोस्, र खासगरी यसलाई नमाजको लागि वा पवित्र ग्रन्थको स्पर्श गर्नु वा बैतुल्लाहको परिक्रमा गर्नुको लागि अनिवार्य गरेको छ । र विभिन्न कार्यहरूलाई गर्नु अघि पनि यस पवित्रतालाई ग्रहण गर्नुतर्फ प्रोत्साहन गरेको छ जसरी कुरआनलाई बिना स्पर्श पाठन गर्नुको लागि, याचना गर्नुको लागि, निदाउनुको लागि...... आदि ।

## दिसा पिशाब गर्ने तरिका

* मुसलमानको लागि मुस्तहब ( उत्तम ) छ कि जब त्यो शौचालय (चर्पी) मा प्रवेश गरोस् त आफ्नो देब्रे खुट्टालाई अगाडि गरोस् र भनोस्: "बिस्मिल्लाह, अल्लाहुम्मा इन्नी अऊजुबिका मिनल् खुब्सि वल् खबाइस्" अर्थात अल्लाहको नामबाट, हे अल्लाह मलाई शैतान र पिचासहरूको कष्टबाट आफ्नो श्रण प्रदान गर । र जब शौचालयबाट निस्कोस् त आफ्नो दायाँ पाइलालाई अगाडि राखेर भनोस्: "गुफ्रानका" अर्थात हे अल्लाह तिम्रो कृपा र क्षमा चाहन्छु ।

* त्यसमाथि अनिवार्य छ कि शौच गर्ने समय आफ्नो गुप्ताङ्गलाई अरु मान्छेहरूको दृष्टिबाट जोगाओस् ।

* त्यसमाथि हराम (अवैध) छ कि त्यो शौच यस्तो ठाउँमा गरोस् जहाँ अरु मान्छेहरूलाई त्यसको यस कार्यबाट कष्ट पुगोस् ।

* त्यसको लागि हराम छ कि त्यो कुनै दुलोमा दिसा वा पिशाब गरोस् किनकि यसो गर्नाले दुलोमा भएको जनावरलाई कष्ट पुग्न सक्छ वा त्यसै मान्छेलाई कष्ट पुग्न सक्छ ।

* त्यसलाई चाहियो दिसा पिशाब गर्दाखेरि कअ्बा (किब्ला) तर्फ अनुहार वा पिठ्युँ नगरोस् र यदि त्यो यस्तो थल (सुख्खा) ठाउँमा छ जहाँ कुनै पर्खाल छैन जुन त्यसलाई लुकाओस् त यस्तो अवस्थामा यो अनिवार्य भइहाल्छ कि दिसा पिशाब गर्दा आफ्नो अनुहार अथवा पिठ्युँ किब्ला तर्फ नगरोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जब तिमी शौच गर्न जाऊ त किब्ला तर्फ अनुहार नगर, र जब पिशाब फेर्न जाऊ त नत किब्ला तर्फ अनुहार गर नत पिठ्युँ" । . (बुखारी, मुस्लिम )

* त्यसमाथि यो अनिवार्य छ कि आफ्नो शरीर र लुगालाई दिसा पिशाबबाट बचाओस् र यदि

कतै लागिसकेको छ भने त्यसलाई धोएर स्वच्छ पारोस् ।

## वजू

वजू र पवित्रता सर्वश्रेष्ठ कार्यहरू मध्येका हुन्, यसबाट मुसलमानको ईमानमा अभिवृद्धि हुन्छ, र त्यो आफ्नो पालनकर्ता र परम् स्वामीको निकट्ता प्राप्त गर्छ, अनि अल्लाह त्यसका पापहरूलाई त्यसको यस कार्यद्वारा नष्ट गरिदिन्छ शर्त यो छ कि यस कार्यलाई गर्नुमा त्यसको नीयत विशुद्ध होस्, र त्यो यस कार्यबाट अल्लाहबाट राम्रो प्रतिफलको अभिलाषी होस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जब मुसलमान भक्त वजू गर्छ अनि जब आफ्नो अनुहार धुल्छ त त्यसको अनुहारबाट ती सबै पापहरू पानीको साथ झरिन्छन् जसलाई त्यसले आफ्नो दृष्टिले हेरेको छ, अनि जब आफ्नो दुवै हातलाई धुल्छ (पखाल्छ) त पानीको साथ दुवैहातबाट ती सबै पापहरू झरिन्छन् जसलाई त्यसले हातबाट समातेको थियो, र जब त्यो आफ्नो दुवै खुट्टालाई धुल्छ त ती सबैपापहरू खुट्टाका पानीको साथ झरिन्छन् जसतर्फ त्यो खुट्टाद्वारा हिंडेको थियो, अनि त्यो व्यक्ति पापमुक्त भइहाल्छ " । ( मुस्लिम )

जब मुसलमान व्यक्ति वजू गर्ने इच्छा गरोस् त वजू गर्ने नीयत गरिहालोस्, अर्थात आफ्नो हृदयमा यो नीयत गरोस् कि म यस वजूद्वारा पवित्रता चाहन्छु । र नीयत समस्त कार्यहरूको लागि शर्त छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " समस्त कार्यहरू नीयतमा निर्भर छन् " । ( बुखारी, मुस्लिम )

अनि निम्नमा वर्णन गरिएका तरिकाले क्रमशः र श्रृंखलावद्ध तरिकाले वजू गरोस्, र यस क्रममा धेरै विलम्ब नगरोस् कि पहिला धोएको अङ्ग दोस्रो अङ्गलाई धुने समय सुकिहालोस् ।

१- पहिला बिस्मिल्लाह भनोस् ।

२- आफ्नो हत्केलीलाई तीन पटक पानीले धुलोस् ।

३- पानीले कुल्ला गरोस्, अर्थात पानी आफ्नो मुखमा हालेर त्यसलाई मुखभित्र यताउता हल्लाओस् अनि त्यसलाई मुखबाट निकालोस्, र यो क्रम तीन पटक गर्नु उत्तम छ तर अनिवार्य एक पटक गर्नु नै हो ।

४- नाकमा पानी हाल्नु, अर्थात पानीलाई आफ्नो नाकले सोसोस् (खिँचोस्) अनि त्यसलाई बलपूर्वक हवाको जोरले बाहिर निकालोस्, र यस क्रमलाई अत्याधिक चोटि गर्नु राम्रो मानिन्छ, तर यदि कुनै कष्टको खतरा होस् वा मान्छे व्रत

बसेको होस् भने यस क्रमलाई अधिक नगरोस्, तर सुन्नत तीन चोटि गर्नु हो र वाजिब ( अनिवार्य) मात्र एक चोटि छ ।

५- अनि आफ्नो अनुहारलाई धोओस्, र अनुहारको अर्थ हो: टाउकोको अघिल्लो कपालको जरोदेखि दाह्री सम्म र एक कानदेखि आर्को कान सम्म तर कान अनुहार मध्येबाट होइन । र सुन्नत यो हो कि यस धुने कार्यलाई तीन पटक गरोस् तर अनिवार्य एक पटक नै हो ।

६-अनि आफ्नो दुवै हातलाई औंलाको किनारदेखि कोइनो सम्म धोओस्, र कोइनो हातमा नै सामेल छ, र यो कार्य तीन पटक गर्नु सुन्नत हो तर वाजिब मात्र एक पटक छ ।

७- अनि टाउकोको मसह गरोस्, र मसहको अर्थ हो: आफ्नो दुवै हातको पञ्जालाई पानीले भिजाई टाउकोको अघिल्लो भागदेखि स्पर्श गर्दै पछाडिको भाग सम्म लगोस् अनि फेरि त्यस्तै अगाडि सम्म फिर्ता ल्याओस् । तर यस क्रमलाई मात्र एकचोटि गर्नु नै वैधानिक हो, तीनचोटि गर्नु अवैधानिक हो, जस्तोकि अरु अङ्गहरूलाई गरिन्छ । अनि कानको मसह गरोस् र यो यसरी कि आफ्नो शहादतको औला (चोर औला) लाई कानको प्वालमा हालेर बुढी औंलाले कानको बाहिरी भागमाथि घुमाउँदै स्पर्श गरोस् (घसोस्) ।

८- अनि आफ्नो दुवै खुट्टालाई गोलीगाँठ सम्म धोओस्, र तीन पटक धुनु उत्तम छ तर एक पटक धुनु नै अनिवार्य छ ।

**जुन व्यक्ति पानी प्रयोग गर्नुबाट असमर्थ होस्**

इस्लामको उदारता र सुगमताले गर्दा जुन मुसलमान व्यक्ति विरामी वा कुनै कारण वजू वा स्नान गर्नुकोलागि पानी प्रयोग गर्न सक्दैन त्यसलाई यो अनुमति छ कि त्यो पानीको सट्टा माटोले तयम्मुम गरोस्, अथवा पानी उपलब्ध छैन वा पानी सिद्धि सकेको छ वा मात्र पिउनुको लागि नै प्रयाप्त छ भने यस्तो अवस्थामा पनि तयम्मुम गरोस्, यहाँ सम्मकि पानी उपलब्ध भइजाओस् वा त्यसको रोग सँचो भइहालोस्, र त्यो पानी प्रयोग गर्नुमा सूक्ष्म भइहालोस् ।

र तयम्मुमको अर्थ हो: आफ्नो दुवै हातलाई एक चोटि पवित्र माटोमाथि हानोस्, अनि त्यसलाई आफ्नो अनुहारमा मसह गरोस् र आफ्नो दुवै हत्केलीलाई एकआर्काबाट मसह गरोस् ।

## नमाज

### नमाजको अर्थ :

वास्तवमा नमाजको अर्थ हो: याचना, भक्त र त्यसको स्रष्टा,पालनहार बीचको श्रद्धा, निकट्ता र संलग्नता । जसमा उत्कृष्ट पूजा अराधना र याचनाको अर्थ नीहित छ, र त्यसमा अल्लाहसित याचना गर्नु, त्यससित सहायता चाहनु पनि शम्मिलित छ , यसर्थ यसमा जिब्रो मस्तिष्क र हृदयको पूजा शमिमलित छ । त यसमा भक्त आफ्नो पालनकर्तालाई पुकार्दछ, त्यसको पवित्रताको गुणगान गर्दछ, अनि त्यसको मन स्वच्छ भइहाल्छ र त्यो आफ्नो वास्तविकता र यस संसारको वास्तविकतालाई सम्झना गर्दैरहन्छ जसमा आफ्नो जीवन व्यतीत गरिरहेको छ, र आफ्नो स्वामीको महानताको आभास गर्छ, र आफूमाथि त्यसको अनुग्रहको साक्षात दर्शन गर्छ । र यो नमाज त्यस व्यक्तिलाई अल्लाहको धर्म इस्लाममाथि सुदृढ रहनुमा उत्साहित गर्छ, र पाप एवं अवज्ञाबाट टाढा राख्दछ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلصَّلَوٰةَ تَنۡهَىٰ عَنِ ٱلۡفَحۡشَآءِ ﴾ ﴿٤٥﴾

العنكبوت: ٤٥

अर्थ : नि:सन्देह नमाज अश्लीलता र नराम्रो कुराबाट रोक्दछ । ( सूरतुल् अन्कबूत ४५ )

र नमाज इस्लामका आधारहरू मध्ये दोस्रो महत्वपूर्ण आधार हो, र यो त्यो आधार हो जसमाथि अरु आधारहरूको जग छ ।

**अनिवार्य पाँचौं नमाजहरू र त्यसका समयहरू**

अल्लाहले मुसलमान व्यक्तिमाथि दिन र रात्रीमा अर्थात २४ घण्टामा पाँच बखतको नमाज अनिवार्य गरेको छ, र यो नमाज त्यसको धर्मको स्तम्भ हो, र अल्लाहले यी नमाजहरूका स्पष्ट समयसीमा निर्धारित गरेको छ जुन निम्न हुन् :

**फज्र नमाज :** दुई रक्अत छ, यसको समय फज्र उदयदेखि (प्रभातदेखि) अर्थात आकाशको पूर्वी किनारमा प्रकाश उदयहुने समयदेखि सूर्योदय सम्म हो ।

**जोहरको नमाज :** चार रक्अत छ, यसको समय सूर्य ढलेपछि आरम्भ हुन्छ, र जब प्रत्येक वस्तुको छायाँ त्यसैको बराबर भइहाल्छ त यसको समयको अन्त हुन्छ ।

**अस्रको नमाज :** चार रक्अत छ, र यसको समयको आरम्भ जोहरको समय सिद्धे पश्चात आरम्भ हुन्छ, अर्थात जब प्रत्येक वस्तुको छायाँ त्यसै बरोबर भइहाल्छ त अस्रको समयको आरम्भ हुन्छ, र सूर्य अस्ताए बित्तिकै यसको समय समाप्त भइहाल्छ ।

**मग्रिबको नमाज :** तीन रक्अत छ, र यसको समय सूर्य अस्ताए पश्चात आरम्भ हुन्छ र शफक (लाली) जुन आकाशको पश्चिमी किनारमा सूर्य अस्ताए पश्चात जाहेर हुन्छ त्यसको अन्त भए पश्चात यसको समय समाप्त हुन्छ ।

**इशाको नमाज :** चार रक्अत छ, र यसको समय शफकको लाली समाप्त भए पश्चात आरम्भ हुन्छ, र मध्य रात्री सम्म यसको समय रहन्छ, र कुनै कारणवश विलम्ब भएमा यसको समय फज्रको अजान सम्म हो र व्यक्ति यसलाई फज्रको अजान भन्दा अलि अघि सम्म पढ्न सक्छ ।

र अनिवार्य नमाजहरू मध्ये केहीलाई त गोप्य तरिकाले पढिन्छ त केही जाहेर गरेर, त केहीका केही रक्अत जाहेर गरेर र केहीलाई गोप्य तरिकाले, जसरी जोहर र अस्रका समस्त रक्अतहरू गोप्य पढिन्छ, र गोप्यको अर्थ हो: नमाज पढ्दा यस्तो मसिनो स्वरमा पाठन गर्नु कि मात्र स्वयम् आफै सुनोस् । र मग्रिब र इशाको नमाजका पहिलाका दुई आरम्भिक रक्अतहरूलाई जाहेर गरेर पढिन्छ, र जाहेर गर्नुको अर्थ हो: ठूलो स्वरमा पाठन गर्नु, र बाँकी

रक्अतमा गोप्यरूपले पाठन गरिन्छ । र फज्र नमाजका दुवै रकअतलाई जाहेर गरेर पढिन्छ ।

**जब मुसलमान व्यक्ति नमाज पढ्नुको लागि आओस् त निम्नका कार्यहरूलाई अनिवार्यरूपले गरोस् ताकि त्यसको नमाज सही र पूर्ण होस् !**

१- मुसलमानमाथि यो अनिवार्य छ कि त्यो पवित्र र वजू गरेको होस् ताकि त्यसको नमाज सही होस् जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसको वजू छैन त्यसको नमाज पनि हुँदैन " । ( अबूदाऊद )

२- किब्ला अर्थात बैतुल्लाहतर्फ मुख गर्नु, जस्तोकि अल्लाहले आफ्नो प्रिय सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई निर्देशित गर्दै भन्नु भयो :

﴿ وَمِنْ حَيْثُ خَرَجْتَ فَوَلِّ وَجْهَكَ شَطْرَ ٱلْمَسْجِدِ ٱلْحَرَامِ ﴿١٤٩﴾ ﴾ البقرة: ١٤٩

अर्थ : तिमी जहाँबाट निस्कदा (नमाजमा) आफ्नो अनुहार मस्जिदे हराम तिर फर्काइ हाल । ( सूरतुल् बकर: १४९ )

३- नमाजको नीयत गर्नु नै नमाज सही हुनुको जमानत दिन्छ, अर्थात मान्छे आफ्नो हृदयमा यो नीयत गरोस् कि यस नमाजद्वारा म अल्लाहको

उपासना गर्दछु र यो इशा वा फज्र वा मग्रिब...को नमाज हो। तर यसलाई ठूलो स्वरले भन्नु अवैधानिक र बिदअत हो, बरु हृदय र मस्तिष्कमा यसको नीयत गर्नु नै उचित र वैधानिक छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका सहाबाहरूबाट जिब्रोबाट नीयतलाई ठूलो स्वरमा उच्चारण गर्नु प्रमाणित छैन।

४- नमाजको लागि उभ्दै भनोस् **अल्लाहु अक्बर** र आफ्नो दुवै हातलाई काँधा सम्म उठाओस् अथवा काँधादेखि अलि उच्च गरोस् यस अवस्थामा कि हातको भित्रि भागलाई किब्लातर्फ गरेको होस्। र अल्लाहु अक्बर बाहेक अरु कुनै शब्दद्वारा तक्बीर मान्य हुँदैन, र यसको अर्थ हो: अल्लाहको पवित्रताको गुणगान गर्नु, र यो मान्नु कि अल्लाह खाफ् बाहेक सबैबाट महान छ, त्यो अल्लाह यस संसारमा र ब्रह्माण्डमा भएका सबै थोकबाट महान र विशाल छ, यसर्थ हामी सबै कुरालाई छाडि आफ्नो नमाजको माध्यमले हृदयको शुद्धताको साथ उसै अल्लाहतर्फ प्रवृत्त होऔं।

५- अनि तक्बीर पश्चात आफ्नो दायाँ हातलाई देब्रे हातमाथि राखि आफ्नो छातीमाथि राखोस्, र यो क्रम नमाजमा उभिने समय सदैंव गरोस्।

६- अनि नमाज आरम्भ गर्ने यो दुआ पढोस् : " सुब्हानका अल्लाहुम्मा वबेहम्दिका वतबारकस्मका, वतआला जदुका, वलाइलाहा गैरका " अर्थात हे अल्लाह ! तिमी पवित्र छौ, र तिम्रै लागि समस्त प्रशंसाहरू छन्, र तिम्रो नाम पवित्र र कल्याणकारी छ, र तिम्रो महानता र विशालता सर्वोच्च छ, र तिमी बाहेक कोही पनि सत्य पूज्य छैन ।

७- र भनोस्: " अऊजु बिल्लाहि मिनश्शैतानिर्रजीम " यसैलाई इस्तेआजह ( शरण मन्त्र ) भनिन्छ, र यसको अर्थ हो: म अल्लाहसित शैतानको कष्ट एवं कौतुहलताबाट शरण चाहन्छु ।

८- अनि भनोस्: " बिस्मिल्लाहिर्रहमानिर्रहीम " र यसको अर्थ हो: म आरम्भ गर्दछु अल्लाहको नामको कल्याणको सहायताको अभिलाषी भई जुन अत्यन्त दयालु एवं कृपालु छ ।

९- अनि सूरतुल् फातिहाको पाठन गरोस्, र सूरतुल् फातिहा पवित्र कुरआनको सर्वोत्कृष्ट सूरत हो, र अल्लाहले यसलाई आफ्नो रसूल मुहम्मदमाथि अवतरित गरी उहाँलाई सशक्त बनाएको हो । जस्तोकि अल्लाहको भनाई छ :

﴿ وَلَقَدۡ ءَاتَيۡنَٰكَ سَبۡعٗا مِّنَ ٱلۡمَثَانِي وَٱلۡقُرۡءَانَ ٱلۡعَظِيمَ ٨٧ ﴾

﴿ الحجر: ٨٧

अर्थ : र निःसन्देह हामीले तपाईलाई सात आयतहरू प्रदान गरेका छौं जुन कि (नमाजमा) दोहोऱ्याएर पढिन्छन् र गरिमापूर्ण कुरआन पनि प्रदान गरेका छौं । ( सूरतुल् हिज्र ८७ )

र सूरतुल् फातिहालाई सबउल मसानी यस कारण भनिन्छ किनकि यस सूरतमा सात श्लोकहरू छन्, यसर्थ यसको ज्ञान प्राप्त गर्नु प्रत्येक मुसलमानमाथि अनिवार्य छ किनकि यसको पाठन नमाजको मूल आधार हो चाहे मान्छे एक्लै नमाज पढिरहेको होस्, वा इमामको पछाडि गोप्य नमाजमा होस्, वा गोप्य रक्अतहरूमा होस् जसमा इमाम ठूलो स्वरमा पाठन गर्दैन ।

१०- सूरतुल् फातिहाको पाठन पश्चात चाहे एक्लै नमाज पढिरहेको होस् वा इमाम पछाडि होस् **आमीन** भनोस्, र यसको अर्थ हो: हे अल्लाह कबूल गर ।

११- अनि सूरतुल् फातिहा पश्चात कुनै सानोतीनो सूरतको वा केही श्लोकहरूको पाठन गरोस्, तर तेस्रो र चौथो रक्अतमा मात्र सूरतुल् फातिहा पढनु नै प्रयाप्त छ । र सूरतुल्

फतिहाको साथ कुनै आर्को सूरत पनि फज्र नमाज, मग्रिब र इशाको नमाजमा ठूलो स्वरमा पढिन्छ, र जोहर र अस्रको नमाजमा गोप्य तरिकाले पढिन्छ । र बाँकी रह्यो नमाजका अरु दुआ एवं गुणगानहरू त ती सबैलाई गोप्य तरिकाले नै मसिनो स्वरमा पढिन्छ ।

१२- अनि रुकूअ्को लागि तक्बीर भन्दै आफ्नो दुवै हातलाई आफ्नो काँधा सम्म उच्च गरोस् वा त्यसभन्दा अलि उच्च गरोस् यस अवस्थामा कि त्यसको हातको भित्रिभाग किब्लातर्फ होस् जसरी पहिला नै वार्णन गरिएको छ ।

१३- र रुकूअ् गर्दाखेरि आफ्नो पिठ्युँलाई झुकाएर किब्लातिर गरोस् र आफ्नो पिठ्युँ र टाउकोलाई एकसमान अवस्थामा राखोस्, र आफ्नो दुवै हातलाई आफ्नो दुवै घुँडामाथि राखेर भनोस् " सुब्हान रब्बियल् अजीम " र यसलाई तीन पटक भन्नु सुन्नत हो तर अनिवार्य एक पटक मात्र हो । र रुकूअ् अल्लाहको पवित्रताको बखान गर्ने स्थान हो यसर्थ सुब्हान रब्बियल् अजीमको अर्थ हो: म अल्लाहलाई समस्त प्रकारको अस्वच्छता, अवगुण र कमिकम्जोरीबाट पवित्र ठान्दछु, र यो कुरो म यस अवस्थामा भनिराखेको छु कि म अल्लाहको सामुन्ने नत्मस्तक छु ।

१४- अनि रुकूअ्बाट उभेको अवस्थामा यस प्रकार आओस् कि आफ्नो दुवै हातलाई आफ्नो काँधा सम्म उठाएको होस् र हातको भित्रिभाग किब्लातर्फ होस् यो भन्दै यदि एक्लै नमाज पढिराखेको होस् वा इमाम होस्: " समिअल्लाहु लिमन् हमेदह् " अनि भनोस्: " रब्बना वलकल् हम्द " र त्यसको लागि उत्तम यो छ कि उपरोक्तको दुआको साथ यो दुआलाई पनि जोडेर पढोस्: " हम्दन् कसीरन् तैयिबन् मुबारकन् फीह मिलउस्समाइ वमिलउल् अर्जि वमिलउ माशिअ्ता मिन शैइन बअ्द् " अर्थात हे अल्लाह तिम्रो लागि समस्त प्रकारका प्रशंसाहरू छन्, अधिकतम प्रशंसा जुन अति उत्तम र कल्याणकारी छन्, आकाश र पृथ्वीलाई पूरिदिने जति, र ती सबैलाई पूरिदिनेवाला जुन तिमी यस बाहेक चाहना गर ।

१५- अनि धरतीमाथि सात अङ्गहरूद्वारा नतमस्तक भई ढोग गरोस्, र ती सात अङ्गहरू निम्न हुन्: निधार नाकको साथ, दुवै हात, दुवै घुँडा, र दुवै पाइलाको अघिल्लो भाग । र सुन्नत यो छ कि आफ्नो दुवै हातलाई आफ्नो पेटको पार्श्वबाट टाढा राखोस्, र आफ्नो पेटलाई आफ्नो तिर्घाबाट (जाँघबाट) पर राखोस्, र आफ्नो तिर्घालाई ढोगको अवस्थामा आफ्नो

खुट्टाबाट टाढा राखोस्, र आफ्नो कुइनोलाई धरतीबाट उच्च राखोस्, अनि भनोस्: " सुब्हान रब्बियल् अअ्ला " एक पटक भन्नु अनिवार्य छ र तीन पटक भन्नु सुन्नत हो । र ढोगको अवस्था अल्लाहसित याचना गर्नुको महत्वपूर्ण स्थान हो, तसर्थ अनिवार्य दुआ पश्चात मान्छेलाई चाहियो कि अल्लाहसित सांसारिक र परलौकिक जीवनको सफलता र कुशलताको लागि जे चाहोस् याचना गरोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " भक्त आफ्नो पालनकर्ताको सबैभन्दा निकट ढोगको अवस्थामा हुन्छ यसर्थ तिमीहरू ढोगको अवस्थामा अधिकभन्दा अधिक याचना गर " । ( मुस्लिम )

र सुब्हान रब्बियल् अअ्लाको अर्थ हो: म सर्वोच्च अल्लाहको पवित्रताको वर्णन गर्दछु जुन महान र सर्वगुण सम्पन्न छ, र आकाशहरूमाथि उच्च छ, र समस्त अस्वच्छता र अवगुणबाट पवित्र छ । यसमा ढोग गर्ने मान्छेको लागि त्यसको मुखापेक्षी र तुच्छ हुनुको चेतावनी र सन्देश नीहित छ ताकि त्यो धरतीमा नत्मस्तक भएको व्यक्ति आफू र आफ्नो स्रष्टा बीचको भिन्नतालाई सम्झी राखोस् अनि आफ्नो

स्रष्टाको महानताको गुणगान गर्दै नत्मस्तक भइरहोस् ।

१६- अनि तक्बीर भनोस्, र दुवै ढोगको बीचमा बसोस्, र सुन्नत यो हो कि यस बैठकमा त्यो आफ्नो देब्रे खुट्टालाई आफ्नो नितम्बमुनि राखेर दायाँ खुट्टालाई खडा गरेर बसोस्, र आफ्नो दुवै हातलाई तिघ्राको अघिल्लो भागमा राखोस् जुन घुँडा नजिक हुन्छ । र नमाजका समस्त बैठकहरूमा यसै तरिकाले बसोस् मात्र अन्तिम तशह्हुद बाहेक र यसमा बस्ने तरिका यो हो कि आफ्नो दायाँ खुट्टालाई ठाढो राखोस् र देब्रे खुट्टामा नबसिकन् त्यसलाई नितम्बको तलबाट आर्कोतर्फ पसारोस् र भूईमाथि नितम्ब राखी बसोस् । तर यदि कुनै मान्छे कुनै कारणले उपरोक्तमा वार्णन गरिएको तरिकाले बस्न सक्दैन भने यसै जस्तो मिल्दो तरिकाले बसोस् जसमा त्यसलाई शान्ति र सन्तुष्टि होस् र त्यो यस बसाईमा सूक्ष्म होस् । र दुवै ढोगको बीचको बसाईमा यो भनोस्: " रब्बिग्फिरली वरहमनी वह्दिनी वरजुक्नी वज्बुरनी वआफिनी " । अर्थात हे अल्लाह मलाई क्षमा प्रदान गर, ममाथि कृपा गर, मलाई सुमार्गी बनाइदेऊ, मलाई अनुकम्पा एवं जीविका प्रदान गर, र मलाई

निस्पृह एवं समृद्ध बनाइदेऊ, र मलाई समस्त विपत्तिहरूबाट सुरक्षित राख ।
१७- अनि पहिला झैं दोस्रो पटक ढोग गरोस् ।
१८- अनि दोस्रो ढोगबाट उभ्दै अल्लाहु अक्बर भनोस्, र दोस्रो रक्अत पनि पहिलो रक्अत झैं पूणत: पढोस् र उस्तै उभोस् र रुकूअ् र ढोग गरोस्, मात्र आरम्भको दुआ बाहेक सबै गरोस् ।
१९- दोस्रो रक्अतको दोस्रो ढोग पश्चात पहिलो तशह्हुदको लागि बसोस् र यस दुआको पाठन गरोस्: " अत्तहीयातु लिल्लाहि वस्सलवातु वत्तयिबातु, अस्सलामु अलैका अइयुहन्नबीयु वरहमतुल्लाहि वबरकातहु, अस्सलामुअलैना वअला इबादिल्लाहिस्सालिहीन, अश्हदु अल्लाइलाहा इल्लल्लाह, वअश्हदु अन्ना मुहम्मदन् अब्दुहू वरसूलुहू " ।
२०- अनि बाँकी नमाजलाई पूर्ण गरोस्, यदि नमाज तीन वा चार रक्अतको होस् त तेस्रो र चौथो रक्अतमा मात्र सूरतुल् फातिहाको पाठन मसिनो स्वरमा गरोस्, र आफ्नो नमाजलाई उपरोक्तमा वर्णन गरिएको विधि अनुसार पूर्ण गरोस् ।
२१- अनि अन्तिम रक्अतको दोस्रो ढोग पश्चात अन्तिम तशह्हुदको लागि बसोस्, र यस बैठकको तरिका अघि नै वर्णन गरियो तर यस

तशहहुदमा पहिला तशहहुदमा पाठन गरिएको दुआको साथ निम्नको दरूदलाई पनि थपि पढ्नु पर्छ, र दरूद यो हो: “ अल्लाहुम्मा सल्ले अला मुहम्मदिँवअला आले मुहम्मद, कमा सल्लैता अला इब्राहीमा वअला आले इब्राहीम, इन्नका हमीदुम्मजीद, वबारिक् अला मुहम्मदिँवअला आले मुहम्मद, कमा बारक्ता अला इब्राहीमा वअला आले इब्राहीम, इन्नका हमीदुम्मजीद ” र मान्छेको लागि यो अति उत्तम छ कि यस दरूद पश्चात निम्नको दुआको पनि पाठ गरोस्: “ अऊजु बिल्लाहि मिन अजाबि जहन्नम, वमिन् अजाबिल् कब्र, वमिन् फितनतिल् महया वल् ममात, वमिन् फितनतिल् मसीहिद्दज्जाल ” र जे पनि चाहोस् त्यसको याचना गरोस् ।

२२- अनि आफ्नो दायाँतर्फ अलिकति मुख घुमाउँदै “ अस्सलामु अलैकुम वरहमतुल्लाह ” भनोस्, र यस्तै देब्रेतर्फ पनि गरोस्, अनि सलाम फेरे पश्चात मुसलमानले आफ्नो नमाजलाई सिद्धयायो । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : “ नमाजको आरम्भ तक्बीरद्वारा गरिन्छ, र सलाम फेरेर यसलाई सिद्धयाइन्छ ” र फर्ज नमाजको सलाम फेरे पश्चात मुसलमान व्यक्तिलाई चाहियो कि तीन पटक “ अस्तग्फिरुल्लाह ” भनोस्, अनि भनोस्:

“ अल्लाहुम्मा अन्तस्सलाम वमिन्कस्सलाम तबारक्ता या जल्जलालि वल् इक्राम, अल्लाहुम्मा लामानेआ लिमा अअ्तैता वला मुअ्तिया लिमा मनअ्ता वला यन्फउ जल्जद्दि मिन्कल् जद्द ” । अनि सुब्हानल्लाह ३३ पटक, अल्हम्दो लिल्लाह ३३ पटक, र अल्लाहु अक्बर ३३ पटक भनोस्, र लाइलाहा इल्लल्लाहु वह्दहू लाशरीकालहू लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्ले शैइन् कदीर भन्दै सैको संख्यालाई पूर्ण गरोस् ।

## जकात (धर्मदाय) र दान

जकात (धर्मदाय) : अल्लाहले जकातलाई अनिवार्य गरेको छ, र यसलाई इस्लामका आधारहरू मध्ये तेस्रो मुख्य आधार बनाएको छ, र यसलाई जसले पनि छाड्छ त्यसलाई कष्टमय दण्डको चेतावनी दिएको छ, र इस्लामीय भाइचारा र एकतालाई प्रयाश्चित र नमाज र जकातद्वारा सशक्त र संलग्न गरेको छ । अल्लाहको फर्मान छ :

﴿ فَإِن تَابُواْ وَأَقَامُواْ ٱلصَّلَوٰةَ وَءَاتَوُاْ ٱلزَّكَوٰةَ فَإِخۡوَٰنُكُمۡ فِي ٱلدِّينِۗ ﴿١١﴾ ﴾ التوبة: ١١

अर्थ : अहिले पनि यिनीहरूले प्रायश्चित गर्छन् र नियमित नमाज़ कायम गर्दछन् र ज़कात दिन्छन्, त धर्ममा तिम्रा दाजुभाइ हुन् । ( सूरतुत्तौबा ११ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ इस्लामको जग पाँच आधारहरूमाथि निर्भर छ, लाइलाहा इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाहको साक्ष्य बस्नु, नमाज कायम गर्नु, जकात दिनु, अल्लाहको घरको यात्रा गर्नु, र रमजान महिनाको व्रत बस्नु ” । ( बुखारी, मुस्लिम )

र अल्लाहद्वारा मुसलमानहरू माथि जकात अनिवार्य गर्नुका महान उद्देश्यहरू छन् जस मध्ये केही निम्न हुन् :

* धनसम्पत्तिको प्रेम र चाहना मनुष्यको स्वभाविक इच्छा हो जुन मनुष्यलाई सम्पत्तिलाई बचाएर राख्नुमा बाध्य गरिदिन्छ, यसै कारण इस्लामीय विधानले धर्मदाय दिनुलाई अनिवार्य गरेको छ ताकि मनुष्यको आत्मालाई कञ्जूसी र अनावश्यक लाल्सा जस्तो अवगुणबाट पवित्र राखोस्, र संसारिक शोभा र मोहमायाबाट मुक्त गरोस् । अल्लाहको फर्मान छ :

﴿ خُذْ مِنْ أَمْوَٰلِهِمْ صَدَقَةً تُطَهِّرُهُمْ وَتُزَكِّيهِم بِهَا ﴿١٠٣﴾ ﴾

التوبة: ١٠٣

अर्थ : तिनीहरूको सम्पत्तिबाट तपाईंले सदका ( धर्मदाय) लिनुस् जसबाट तिनीहरूलाई तपाईंले शुद्ध र पवित्र गरिदिनुस्... । ( सूरतुत्तौबा १०३ )

* जकात दिनुबाट भाइचाराको सृजाना हुन्छ किनकि मानवको आत्मामा नै स्वाभाविकरूपले यो कुरो जागृत छ कि त्यो त्यस मान्छेसित प्रेम गर्छ जुन त्यस व्यक्तिमाथि उपकार गर्छ, तसर्थ जकात दिए पश्चात मुस्लिम समाजमा भएका मान्छेहरू एकआर्कासित प्रेम र स्नेह गर्नथाल्छन् र एकआर्कालाई पर्खाल झैं बलियो र सशक्त

बनाउँछन्, यसले गर्दा चोरी डकैती र उपद्रवका घटनाहरू कम भइहालछन् ।

* जकातद्वारा भक्तिको अर्थको बोध हुन्छ र पूर्ण नत्मस्तकता श्रद्धा एवं भक्ति अल्लाहकै लागि छ यो कुराको पनि बोध हुन्छ । त जब समृद्ध आफ्नो सम्पत्तिबाट जकात निकाल्छ त त्यो अल्लाहको शरीअत (विधान) को पालना गर्छ, र त्यसको आदेशको पालना गर्छ, र त्यस जकातलाई निकालेर मान्छे आफूमाथि अल्लाहले गरेको उपकारको आभार प्रकट गर्छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ لَئِن شَكَرۡتُمۡ لَأَزِيدَنَّكُمۡۖ ﴾ إبراهيم: ٧

अर्थ : यदि तिमी कृतज्ञता प्रकट गर्दछौ तब निःसन्देह हामीले तिमीलाई धेरै दिन्छौं,.. । ( सूरतु इब्राहीम )

* जकात दिनुबाट सामूहिक एकता र समानताको बोध हुन्छ, र समाजका समस्त मान्छेहरूमा समानताको बोध हुन्छ, त यसको निष्कासन गरी त्यसका अधिकारीहरूलाई दिए पश्चात सम्पत्ति समाजको कुनै विशेष सम्प्रदायमा सीमित र भण्डारन रह्दैन । अल्लाहको फर्मान छ :

﴿ كَيۡ لَا يَكُونَ دُولَةَۢ بَيۡنَ ٱلۡأَغۡنِيَآءِ مِنكُمۡۚ ﴾ الحشر: ٧

अर्थ : ताकि तिमीहरूमध्ये जो धनवान छन्, उनीहरू कै हातमा घुम्दै नरहिरहोस्,... । ( सूरतुल् हश्र ७ )

जुन सम्पत्तिको मालिक मान्छे आफ्नो दैनिक उपभोग गर्नुको लागि मात्र होस् त्यसमा जकात छैन, जसरी मान्छेको घर जसमा त्यो बस्छ, चाहे त्यो अति महँगो किन नहोस्, र त्यसको गाडी जसमाथि त्यो सवारी गर्छ यद्यपि त्यो धेरै महँगो किन नहोस्, र यस्तै त्यसका लुगा, भाँडा, .... आदि । बरु अल्लाहले जकात केही विशेष सम्पत्तिमाथि अनिवार्य गरेको छ जुन सम्पत्ति त्यसको दैनिक आवश्यक्ताबाट बढी छ, र त्यो सम्पत्ति स्वभाविक तरिकाले वृद्धि पनि हुन्छ, र ती सम्पत्तिहरू निम्न प्रकारका हुन् :

* सुन चाँदी जुन श्रृंगारको लागि प्रयोग गरिदैन नत अभूषणको रूपमा लगाउनुको लागि प्रयोग गरिनछ ।

* अचल सम्पत्ति र ती रुपैयाँहरू जसको त्यो मालिक होस् वा त्यसलाई बैंक बैलेन्स गरेको होस् ।

* समस्त प्रकारका व्यापार र व्यवसायहरू जसरी घर जग्गा एवं खाने कुराहरूको व्यवसाय ..... आदि ।

* धरतीबाट उब्जने उबजमा जसरी अन्न, फलफूल.... आदि । र खेतीका केही विशेष थरिहरूमा जकात अनिवार्य छ यदि त्यो इस्लामीय विधानले तोकेको मात्रा सम्म पुग्छ ।

* जनावर मध्ये गाई, ऊँट, र बाख्रामा मात्र जकात अनिवार्य छ, यदि ती जनावरहरू आफै चरेर आफ्नो पेट भरुन्, र उनीलाई चराउनको लागि वा उनीहरूको चाराको लागि तिनका मालिकलाई पैसा खर्च नगर्नु परोस् ।

त जकात एक वर्ष बिते पश्चात निकाल्नु पर्छ, कमरी (चन्द्रीय) वर्ष जसमा ३५४ दिन हुन्छन् । तर अन्न र फलफूलको लागि वर्ष बित्नु शर्त छैन तर त्यस धनको मालिक हुनु प्रत्येक धनको जकातको लागि शर्त छ ।

इस्लामले जकात पाउने मान्छेहरूको वर्गीकरण गरेको छ र जकातलाई वितरण गर्ने नियम बताएको छ त्यसै नियमहरू बमोजिम नै जकातको वितरण गरिन्छ, तर मुसलमान मान्छे इस्लामले तोकेका मानछेहरू वा साधनहरू मध्ये कुनै एकलाई चयन गरी आफ्नो जकात प्रदान गर्नसक्छ । र इस्लामले वर्णन गरेका समस्त वर्गहरूमा जकातलाई वितरण गर्न सक्छ, वा जकातलाई एकत्रित गरेर त्यसलाई त्यसका अधिकारीहरू सम्म पुऱ्याउने काम गर्ने

संस्थाहरूलाई पनि दिन सक्छ । तर उचित र उत्तम यो नै छ कि जकातलाई आफ्नो देश भित्रै वितरण गरोस् ।

## जकातका अधिकारीहरू

* फकीर मिस्कीनहरू : र यी ती व्यक्तिहरू हुन् जसका दैनिक आवश्यकता पनि पूर्ण हुँदैन ।

* दास जसले आफूलाई स्वतन्त्र गर्नुको लागि आफ्नो स्वामीबाट आफूलाई किनिसकेको होस्, त त्यसलाई जकातबाट दिएर स्वतन्त्र हुनुमा सहायता प्रदान गर्न सकिन्छ ।

* जकातको असूली र वितरण गर्नेहरूलाई जकातबाट दिन सकिन्छ जिनलाई हाकिमले यस कार्यको लागि नियुक्त गरेको होस् ।

* जस मान्छेमाथि ऋण होस् र त्यो ऋणको भुक्तान गर्नुमा सूक्ष्म नहोस्, अब चाहे त्यो ऋण समाजको भलाईको उद्देश्यले लिएको होस् वा आफ्नो कुनै समस्या समाधान वा व्यक्तिगत स्वार्थको लागि लिएको होस् ।

* अल्लाहको मार्गमा धर्मयुद्ध गर्नेहरू जुन आफ्नो धर्म र देश (मातृभूमि) को सूरक्षाको लागि युद्धरत होस्, र यसमा ती सबै क्रियाकलाप

शम्मिलित छन् जसद्वारा इस्लामको प्रचार प्रसार होस् वा इस्लामको सम्मानमा बढोत्तरी होस् ।

* हृदयलाई जोड्नुमा : र यसको अर्थ हो: ती व्यक्तिहरूलाई जकात प्रदान गर्नु जुन नयाँ मुसलमान भएका छन्, वा जसको इस्लाम कबूल गर्ने सम्भावना होस् । तर यस्ता मान्छेहरूलाई मान्छे आफै जकात दिन सक्दैन बरु यो हाकिमको कार्यको सीमा अन्तर्गत आउँछ, र यस्तै त्यहाँ भएका ती संस्थाहरूको अन्तर्गत आउँछ जुन जकातको असूली र वितरणमा संलग्न छन् जुन यसबाट हुने लाभ र हानिलाई राम्ररी जान्दछन् ।

* यात्रुहरू : जुन त्यहाँ अपर्चित र निसहाय छन्, र यात्रामा त्यसको मालको चोरी व डकैती भइहालेको छ अनि त्यसलाई मालको अवश्यकता आइपरेको छ, अब चाहे त्यो आफ्नो गाउँ शहरमा समृद्ध किन नहोस् यस यात्रामा त्यसको लागि जकातको धन लिनु जायज छ । किनकि अल्लाहको फर्मान छ :

﴿ ۞ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ وَٱلۡعَٰمِلِينَ عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ وَفِي ٱلرِّقَابِ وَٱلۡغَٰرِمِينَ وَفِي سَبِيلِ ٱللَّهِ وَٱبۡنِ ٱلسَّبِيلِۖ ﴿٦٠﴾ ﴾ التوبة: ٦٠

अर्थ : सद्क़ा (धर्मदाय) मात्र ग़रीब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउनु अभिष्ट हुन्छ र दासहरूलाई मुक्त गराउनुमा र ऋणिहरूको ऋण तिर्नलाई र अल्लाहको बाटोमा र यात्रीहरूको सहायताको निम्ति ।.... ( सूरतुत्तौबा ६० )

## दान

दान गर्नु उपकार गर्नु मुसलमानको नैतिकता र शिष्टाचार हो, र मुसलमान कदापि कञ्जूस हुन सक्दैन, त्यसको ईमानको कारण त्यसको हृदय फराकिलो हुन्छ, चाहे त्यो गरिब किन नहोस् । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम स्वयम् नै आफ्नो आचरण र व्यवहारद्वारा महानतम् एवं उत्कृष्ट आदर्श थिए, र यस्तै उहाँका साथीहरू ( रजिअल्लाहो अन्हुम) पनि उहाँ झैं आदर्श थिए । त यो हजरत अबूबक्र हुन् जहाँले आफ्नो पूर्ण समपत्तिलाई दान गरिदिनु भयो, र उमर बिन खत्ताबले आफ्नो मालको आधा भागलाई दान गदिदिनु भएको थियो । र जब एउटा सहाबीले ( रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथी) ले उहाँसित सोध्नु भएको थियो: “कि हे अल्लाहका

रसूल सबैभन्दा उत्कृष्ट दान कुन हो ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो: कि तिमी त्यस समय दान गर जब तिमीलाई त्यस धनको अति अवश्यकता होस् र तिमी त्यसको अभिलाषी पनि होऊ, र तिमीलाई गरिबीको भय र समृद्धताको लाल्सा होस्" । ( बुखारी )

र दान अनिवार्य छैन, तर यसद्वारा अल्लाहको निकट्ता एवं प्रसन्नता प्राप्त गरिन्छ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ مَّثَلُ ٱلَّذِينَ يُنفِقُونَ أَمْوَٰلَهُمْ فِى سَبِيلِ ٱللَّهِ كَمَثَلِ
حَبَّةٍ أَنۢبَتَتْ سَبْعَ سَنَابِلَ فِى كُلِّ سُنۢبُلَةٍ مِّا۟ئَةُ حَبَّةٍ ۗ وَٱللَّهُ
يُضَٰعِفُ لِمَن يَشَآءُ ۗ وَٱللَّهُ وَٰسِعٌ عَلِيمٌ ﴿٢٦١﴾ ﴾ البقرة: ٢٦١

अर्थ : जुन मानिसहरूले अल्लाहको मार्गमा आफ्ना सम्पत्ति खर्च गदर्छन, त्यसको उदाहरण त्यस दानाको जस्तो छ जसबाट सातवटा बालाहरू निस्कन्छन् र प्रत्येक बालामा सय-सयवटा दानाहरू हुनेछन् । र अल्लाहले जसको ( सम्पतिमा) चाहन्छ, वृद्धि गर्दछ । र अल्लाह अत्यन्त सर्वव्यापी र प्रत्येक कुरोको ज्ञाता छ । ( सूरतुल् बकर: २६१ )

त दान स्वर्गका ढोकाहरू मध्ये एक हो, जस्तोकि हदीसमा वर्णन छ : " जुन मान्छे दानी हुन्छ त्यसलाई दान नामक ढोकाबाट पुकारिन्छ " । ( बुखारी, मुस्लिम )

त दान गर्नुबाट अल्लाहको निकट्ता प्राप्त हुन्छ र कष्टबाट मुक्ति प्राप्त हुन्छ, र रोगी स्वस्थ भइहाल्छ, सम्पत्ति र जीविकामा वृद्धि हुन्छ । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : " प्रत्येक विहान (प्रातःकाल) दुई फरिश्ताहरू अवतरित हुन्छन् र ती मध्ये एउटाले भन्छः हे अल्लाह दानीलाई राम्रो प्रतिफल प्रदान गर, र दोस्रो भन्छः हे अल्लाह कञ्जूसलाई विनष्ट गर " । ( बुखारी )

र दान गर्नुबाट मुसलमानहरू बीच प्रेमभाव र भाइचारालाई जीवित गरिन्छ, र यो त्यो सुकर्म हो जुन मान्छेको मरणोपरान्त पनि बाँकी रहनेवाला छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः " जब मान्छेको मृत्यु भइहाल्छ त तीन सुकार्य बाहेक सबै कार्यको स्रोतहरूको अन्त भइहाल्छ, र ती तीन मध्ये एउटा हो निरन्तर रही रहने दान, आर्को हो यस्तो विद्याको स्रोत जसबाट समस्त मानवजाति लाभन्वित होस्, र तेस्रो हो सदाचारी सन्तान

जुन त्यसको मुक्तिको लागि दुआ गरोस् " । ( मुस्लिम )

र दान त्यो हो जुन अल्लाहको मार्गमा खर्च गरियोस् र त्यस मध्ये सर्वोत्कृष्ट दान हो जुन आफ्नो परिवारमाथि खर्च गरिन्छ, शर्त यो छ कि यसबाट नीयत यो होस् कि अल्लाह यसकार्यबाट प्रसन्न भई राम्रो प्रतिफल प्रदान गरुन् । र आफ्नो भाइको मुखमा मुस्काउनु पनि दान हो, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَأَن تَصَدَّقُواْ خَيْرٌ لَّكُمْ إِن كُنتُمْ تَعْلَمُونَ ﴿٢٨٠﴾ ﴾

﴿ البقرة: ٢٨٠

अर्थ : यदि तिमीले त्यसलाई दानको रूपमा प्रदान गरिदिन्छौ भने तिम्रो निम्ति सबभन्दा राम्रो हुन्छ, यदि यो कुरा तिमी बुझ्दछौ भने । ( सूरतुल् बकर: २८० )

## रमजानको व्रत

अल्लाहले मुसलमानहरू माथि पूर्ण वर्षमा एक महिनाको व्रत अनिवार्य गरेको छ, र त्यो महिना कल्याणकारी रमजानको महिना हो। र यसलाई (व्रतलाई) इस्लामका आधारहरू मध्ये चौथो प्रमुख आधार बनाएको छ। अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ١٨٣ ﴾ البقرة: ١٨٣

अर्थ : आस्थावानहरू हो ! (मोमिनहरू) तिमीलाई रोजा राख्नु अनिवार्य गरिएको छ जसरी तिमीभन्दा पहिलेका मानिसहरूलाई अनिवार्य गरिएको थियो। जसबाट कि तिमी संयमी बन्न सक। ( सूरतुल् बकर: १८३ )

र इस्लाममा व्रतको अर्थ हो: अल्लाहको पूजा गर्नु खान पान सहवास .... आदिलाई त्यागेर सूर्योदय भन्दा पहिलादेखि अर्थात प्रात:को अजान हुने समयदेखि सूर्य अस्त नहुन्जेल अर्थात मग्रिबको अजान सम्म ।

रमजानको महिना इस्लामीय संवत कमरीको नव्वौं ९ महिना हो, र यो सालको सर्वोत्कृष्ट महिना हो, र यसलाई अल्लाहले अनेकौं

उत्कृष्टताको लागि विशेष गरेको छ यसर्थ ती मध्ये केहीलाई निम्नमा वार्णन गरिन्छ :

* यसै पवित्र महिनामा अल्लाहले महान र सर्वोत्कृष्ट ग्रन्थ पवित्र कुरआनको अवतरण गऱ्यो, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ شَهۡرُ رَمَضَانَ ٱلَّذِيٓ أُنزِلَ فِيهِ ٱلۡقُرۡءَانُ هُدٗى لِّلنَّاسِ وَبَيِّنَٰتٖ مِّنَ ٱلۡهُدَىٰ وَٱلۡفُرۡقَانِۚ فَمَن شَهِدَ مِنكُمُ ٱلشَّهۡرَ فَلۡيَصُمۡهُۖ ١٨٥ ﴾ البقرة: ١٨٥

अर्थ : रमाजानको महिना त्यो हो जुन महिनामा कुरआन उतारियो, जो मानिसहरूको लागि पथ प्रदर्शक हो र जसमा मार्गदर्शन र सत्य र असत्यलाई छुट्टयाउने निशानीहरू छन् । तिमीहरूमध्ये जसले पनि यो महिना पाओस् त्यसले पूरा महिनाको ब्रत बसोस्.. । ( सूरतुल् बकर: १८५ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जब रमजानको महिना आउँछ त स्वर्गका ढोकाहरू खोलिन्छन्, र नर्कका ढोकाहरू थुनिन्छन्, र शैतानहलाई जन्जीरमा बाँधिन्छ " ( बुखारी, मुस्लिम )

त यस महान महिनालाई अल्लाहले भक्तहरूको निम्ति सुकर्म गर्नुको लागि र कुकर्मलाई त्याग्नुको लागि बनाएको छ ।

* जसले यस महिनाको दिनमा व्रत बस्छ, र रात्रीमा नमाजको आयोजना गर्छ त्यसका विगतका समस्त पापहरूलाई क्षमा गरिन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसले रमजान महिनामा ईमानको साथ पुण्यको अभिलाषी भई व्रत बस्छ त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ " । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा वार्णन छ : " जुन मान्छे ईमानको साथ र पुण्यको अभिलाषी भई रमजान महिनामा नमाजको आयोजना गर्छ त त्यसका विगतका पापहरू क्षमा गरिन्छ " । ( बुखारी, मुस्लिम )

अर्थात जुन व्यक्ति पनि रमजान महिनाको व्रत बस्छ अल्लाहमाथि आस्था राखि, र प्रतिफलको अभिलाषी भई, र अल्लाहको निर्देशनको पालना गर्ने एवं ती सबै कुराहरूमाथि विश्वास गरेर जुन यस महिनाको उत्कृष्टतामा प्रमाणित छन् त त्यसका विगतका पापहरू क्षमा गरिनेछ ।

* यस महिनामा सालको सबैभन्दा महान र सम्मानित रात्री पनि छ जसलाई लैलतुल् कद्र (

सम्मानित रात्री ) भनिन्छ, जसको बारेमा अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा वर्णन गरेको छ कि त्यस रात्रीको सुकर्म युगों युगोंमा गरिएको सुकर्मभन्दा महान र उत्कृष्ट हुन्छ । अल्लाहको फर्मान छ :

﴿ لَيۡلَةُ ٱلۡقَدۡرِ خَيۡرٞ مِّنۡ أَلۡفِ شَهۡرٖ ٣ ﴾ القدر: ٣

अर्थ : क़द्रको रात्री एक हजार महिनाभन्दा राम्रो छ । ( सूरतुल् कद्र ३ )

त जुन व्यक्ति यस महिनामा सुकर्मको आयोजना गर्छ त्यसका विगतका पापहरू माफ गरिन्छन् । र यो रात्री रमजानको अन्तिम पाख अर्थात अन्तिम दश रात्री मध्ये एक अवश्य हुनेछ, तर कसैलाई यसको समयावधिको बारेमा ज्ञान छैन । महान र पवित्र अल्लाहको तत्त्वदर्शिता मध्ये यो पनि हो कि अल्लाहले व्रतमा अल्लाहको भयत्रास (तकवा) राखेको छ, र मनुष्यको आत्माको लागि पाप र कुकर्मलाई त्याग्नुको अभ्यास, र निमुखा र वंचितहरूको सहायता गर्नुलाई पनि राखेको छ । र हामीमाथि यो अल्लाहको उपकार नै हो कि अल्लाहले व्रतालुको लागि दुई प्रसन्नता राखेको छ । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " व्रतालुको लागि दुई प्रसन्नता छ: एउटा इफ्तार गर्ने समय, र आर्को

जब त्यो आफ्नो पालनकर्तासित भेंट्ने छ " । ( बुखारी, मुस्लिम )

बरु अल्लाहले स्वर्गका ढोकाहरू मध्ये एउटाको नाम रैयान राखेको छ जसद्वारबाट मात्र व्रतालुहरू नै प्रवेश पाउने छन् । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " निःसन्देह स्वर्गको एउटा ढोका छ जसलाई रैयान भनिन्छ, र जसबाट प्रलयको दिन मात्र व्रतालुहरू नै प्रवेश गर्ने छन्, र व्रतालु बाहेक अरु कोही त्यसबाट प्रवेश गर्ने छैन, भनिनेछः व्रतालुहरू कहाँ छन् ? अनि व्रतालुहरू आउँछन्, र तिनी बाहेक त्यसद्वारबाट अरु कोही पनि प्रवेश पाउँदैनन्, अनि जब व्रतालुहरू प्रवेश गरिहाल्छन् त त्यसद्वारलाई थुनिन्छ " । ( बुखारी, मुस्लिम )

र यो सबैको साथ अल्लाहले व्रतको प्रतिफल आफ्नो जिम्मामा लिएको छ, र जसको प्रतिफलको जिम्मेवार स्वयम् महान दयावान र समस्त अनुग्रहको स्वामी अल्लाहले लिएको होस् त त्यसलाई गर्नेहरूलाई प्रसन्न हुने कुरो हो किनकि अल्लाहले त्यसको लागि के कति तयार गरेको छ कसैलाई त्यसको आभास पनि हुन सक्दैन । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ कि अल्लाहको भनाई छ : " आदमको सन्ततिको प्रत्येक कर्म त्यसैको लागि हो व्रत

बाहेक, र व्रत मेरो लागि हो तसर्थ यसको प्रतिफल म नै दिनेछु ” । ( बुखारी, मुस्लिम )

**ती कार्यहरूको वर्णन जसबाट व्रतालुलाई बाँच्नु जरुरी छ, अर्थात व्रतलाई भङ्ग गर्ने कुराहरू :**

* व्रतको अवस्थामा खान पान गर्नु : अल्लाहको फर्मान छ :

﴿ وَكُلُوا۟ وَٱشْرَبُوا۟ حَتَّىٰ يَتَبَيَّنَ لَكُمُ ٱلْخَيْطُ ٱلْأَبْيَضُ مِنَ ٱلْخَيْطِ ٱلْأَسْوَدِ مِنَ ٱلْفَجْرِ ۖ ثُمَّ أَتِمُّوا۟ ٱلصِّيَامَ إِلَى ٱلَّيْلِ ۚ ﴿١٨٧﴾ ﴾ البقرة: ١٨٧

अर्थ : तिमीले तब सम्म खान पीन गर जबसम्म कि प्रात:को सेतो धर्को (रातीको) कालो धर्कोबाट स्पष्ट भई नजाओस् । फेरि ब्रतबसी) साँझसम्म रोजा पूरा गर .. । ( सूरतुल् बकर: १८७ )

र जसले बिर्सेर खान पान गऱ्यो त्यसको व्रत शुद्ध छ, र त्यसमाथि कुनै दोषपाप लाग्दैन । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ जसले व्रतको अवस्थामा बिर्सेर खायो वा पियो त्यो आफ्नो व्रतलाई पूर्ण गरोस् किनकि अल्लाहले त्यसलाई खुवाएको र पिलाएको छ ” । ( बुखारी, मुस्लिम )

* जुन पदार्थहरू खानु पिउनुको साथ संलग्न छन् अर्थात भोजन वा पीय पदार्थको कार्य गर्छन्

ती सबै वर्जित छन्, जसरी शक्ति दिनेवाला इन्जेक्शन, गलुकोज.... आदि जसद्वारा शरीरलाई तेही पोष्टिक मिल्छ जुन भोजनबाट मिल्छ, र यस्तै रगतको इन्जेक्शन र धुम्रपान आदि पनि ।

* सहवास गर्नु ।

* स्वयम् वीर्यको पतन गर्नु । तर यदि स्वपनदोष भएछ भने व्रत भङ्ग हुँदैन ।

* स्वयम् जनी जानी उल्टी ( वान्ता ) गर्नु, तर यदि विना इच्छा वान्ता भएछ भने व्रत भंग हुँदैन ।

* रजस्वला र सुत्केरीको रगत आउनु । तर जुन रगत महिलाको कुनै रोगको कारण आउँछ जुन रजस्वला र सुत्केरीको रगत होइन त यस्तो रगत व्रतलाई भङ्ग गर्दैन, नत यस्तो रगतको कारण व्रतलाई छाड्नु पर्नेछ ।

## जुन मान्छेहरूलाई व्रत छाड्नुको अनुमति छ

* त्यो रोगी जसलाई व्रतबाट कुनै प्रकारको हानिको खतरा होस् त त्यसको लागि व्रत छाडेर रमजान पश्चात छुटेको व्रतको गणनालाई पूर्ण गर्ने अनुमति छ ।

* यस्तो वृद्ध मान्छे जुन अति बुढो भइसकेको छ वा यस्तो रोगी जसको संचो हुने सम्भावना नहोस् त यस्ता मान्छेहरूको लागि व्रतलाई छाड्नुको अनुमति छ, तर त्यसको लागि यो आवश्यक छ कि प्रत्येक व्रतको सट्टामा एक गरिब वा मिस्कीनलाई त्यो भोजन गराओस् जुन त्यस देशमा प्रचलित होस्, र जसको मात्रा हो: एक किलो ५०० ग्राम खाद्य समाग्री त्यसै देशको रीति अनुसार ।

* यात्रु : जुन आफ्नो यात्रामा होस् र चार दिनभन्दा कम रुकेको होस्, त त्यसको लागि व्रत त्यागनु जायज छ, र यसको पूर्ति त्यसलाई रमजान पश्चात गर्नु पर्नेछ । अल्लाहको फर्मान छ :

﴿ وَمَن كَانَ مَرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ۗ يُرِيدُ اللَّهُ بِكُمُ الْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ الْعُسْرَ ﴿١٨٥﴾ ﴾ البقرة: ١٨٥

अर्थ : जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (व्रत बसी) त्यसको गणना पूरा गरोस् । अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन । ( सूरतुल् बकर: १८५ )

* रजस्वला र सुत्केरीको रगत आउने महिलाहरूलाई व्रत बस्नु हराम छ, यिनीहरूले व्रत बसे पनि व्रत मान्य हुनेछैन, तर उनीहरूलाई यस रगतको अवस्थामा व्रत छाडेर रमजान पश्चात यसको पूर्ति गर्ने आदेश छ ।

* गर्भवती र बच्चालाई दुध खुवाउने महिलाहरू : जब यिनीहरू आफूमाथि व्रतबाट कुनै प्रकारको हानिको खतरा महसूस गरुन् वा आफ्नो बच्चामाथि खतरा महसूस गरुन् त यिनीलाई व्रत छाड्ने अनुमति छ, तर रमजान पश्चात यसको पूर्ति पनि गर्नु पर्नेछ ।

## जकातुल् फित्र (फित्राको जकात)

अल्लाहले ती प्रत्येक व्यक्तिमाथि जकातुल् फित्र अनिवार्य गरेको छ जुन व्यक्ति यति खद्यान्न भन्दा बढिको स्वामी होस् जसबाट ईदको पर्वको दिन र रात्रीमा त्यसको आवश्यकता पूर्ण भइजाओस्, त त्यसलाई एक साअ् अर्थात ३ किलो ग्राम जति त्यसै देशमा प्रचलित खाद्य मध्येबाट निकाल्नु अनिवार्य छ, जसरी चामल,

गहूँ, जौ, खजूर ... आदि, जुन त्यस देशका गरिब मिस्कीनहरूमा वितरण गरियोस् ताकि ईदको दिन कुनै मिस्कीन खानुबाट वंचित नरहोस् । र यसलाई निष्कासन गर्ने समय हो: रमजानको अन्तिम दिनको मग्रिबको समयदेखि ईदको नमाज पढनु अलि अघि सम्म, तर ईदभन्दा एक दुई रात्री अघि पनि यसलाई निकाल्न सकिन्छ । र यो जकात मान्छेमाथि स्वयम् त्यसको तर्फबाट र ती सबै व्यक्तिहरूको तर्फबाट निकाल्नु जरुरी छ जिनको पालनपोषणको दायित्व त्यसैमाथि छ, जसरी त्यसको श्रीमती, त्यसका सन्तानहरू, र उत्तम यो छ कि गर्भमा भएको बच्चाको तर्फबाट पनि जकातुल् फित्र निकालोस् । र प्रत्येक व्यक्तिको तर्फबाट एक साअ् तीन किलो ग्राम निकाल्नु पर्छ । र यस जकातलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनिवार्य गर्नु भएको छ, उहाँको भनाई छ : " यो (जकातुल् फित्र) व्रतालुको लागि अनुचित कार्य र कुराहरूको लागि पवित्रता हो, र गरिबहरूको लागि भोजन हो, त जसले यसलाई ईदको नमाज अघि नै निकालेर वितरण गरेर समाप्त गऱ्यो त्यसको जकात स्वीकार्य भयो, र जसले यसलाई ईदको नमाज पश्चात निकाल्यो त त्यो मात्र दान मध्येको दान सरह हो " ।

## ईदको कल्याणकारी पर्व

यो इस्लामीय पर्व हो, यस्तो दिन जसमा अल्लाहका भक्तहरू आफ्नो खुशी र प्रसन्नतालाई सुदर्शित गर्छन् अल्लाहको पूजालाई सफलतापूर्वक सम्पन्न गर्नुको कारणले, र त्यसको त्यस अनुकम्पाको आभार प्रकट गर्नुको उद्देश्यले जुन अल्लाहले उनीहरूमाथि गरेको छ, र उनीहरूलाई सुमार्गमा लगाएर यस पूजाको सुअवसर प्रदान गरेको छ। र यस पर्वमा राम्रो र नयाँ लुगा लगाएर प्रसन्नता दर्शाउनु वैधानिक र स्वभाविक कुरो हो, र अरुलाई खुश गर्नु अति उत्तम कार्य हो, यसर्थ गरिबहरूको सहायता गरी र वैधानिक समाग्रीहरूद्वारा प्रसन्नतालाई दर्शाउनु रअरुलाई रमाउनु र अल्लाहको अनुकम्पामाथि कृतज्ञता प्रकट गर्नु वैधानिक कुरो हो।

र ईदको दिन इस्लामीय संवतको दशौं महिना शौवालको पहिलो तारिख हो, जुन रमजानको अन्तिम रात्री सिद्धे पश्चात आउँछ, यसैकारण यसको नमा ईदुल् फित्र हो, र यसकारण पनि कि यस दिन सबै मुसलमानहरू खाना खाई खुवाई अल्लाहको पूजा गर्दछन् जसरी कि व्रत बसेर पूजा गरेका थिए। त यिनीहरू ईदको आयोजना गर्छन् मात्र अल्लाहको कृतज्ञता प्रकट गर्नुको

लागि जसको दया र कृपा एवं करुणाको कारण नै त्यसको यस महान र सर्वोत्कृष्ट सुकर्म व्रतलाई पूर्णरूपले सम्पन्न गरे । अल्लाहको फर्मान छ :

﴿ وَلِتُكۡمِلُواْ ٱلۡعِدَّةَ وَلِتُكَبِّرُواْ ٱللَّهَ عَلَىٰ مَا هَدَىٰكُمۡ وَلَعَلَّكُمۡ تَشۡكُرُونَ ١٨٥ ﴾ البقرة: ١٨٥

अर्थ : ... उसले चाहन्छ कि तिमीले (रोजाको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक । ( सूरतुल् बकर: १८५ )

ईदको रात्री र ईदगाह जाँदाखेरि तक्बीर भन्दै रहनु वैधानिक कुरो हो, र यसको समय ईदको नमाजको लागि उभिनु बित्तिकै समाप्त हुन्छ । र यो तक्बीर पनि व्रत जस्तो महान सुकर्मलाई सिद्धयाएकोमा अल्लाहको आभार प्रकट गर्नुलाई बोध गर्छ । अल्लाहको फर्मान छ :

﴿ وَلِتُكۡمِلُواْ ٱلۡعِدَّةَ وَلِتُكَبِّرُواْ ٱللَّهَ عَلَىٰ مَا هَدَىٰكُمۡ وَلَعَلَّكُمۡ تَشۡكُرُونَ ١٨٥ ﴾ البقرة: ١٨٥

अर्थ : ... उसले चाहन्छ कि तिमीले (रोजाको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक । ( सूरतुल् बकर: १८५ )

र **तक्बीरका शब्दहरू निम्न हुन् :**
“ अल्लाहु अक्बर अल्लाहु अक्बर, लाइलाहा इल्लल्लाह, अल्लाहु अक्बर अल्लाहु अक्बर वलिल्लाहिल् हम्द ” र भनोस्: “ अल्लाहु अक्बर कबीरा, वल्हम्दुलिल्लाहि कसीरा, वसुब्हानल्लाहि बुक्रतौं वअसीला ” ।

## ईदको नमाज

ईदको नमाज त्यो नमाज हो जसको लागि इस्लामले विशेषरूपले ताकेदा गरेको छ, र मुसलमान महिला, बच्चा र वृद्धहरू समेतलाई यसको लागि घरबाट निक्लेर ईदको नमाज पढने ठाउँमा जानुको लागि उत्साहित गरेको छ। र यस नमाजको पढ्ने समय हो: एक भाला बराबर जति सूर्योदय भएर उच्च भए पश्चात यसको समयको आरम्भ हुन्छ, र सूर्य ढल्ने समय समम यसको समय बाँकी रहन्छ, र सूर्य ढले पश्चात यसको समय सिद्धिन्छ ।

## ईदको नमाज पढ्ने तरिका

ईदको नमाज दुई रक्अत छ, जसमा इमाम आफ्नो पाठनलाई ठूलो स्वरमा उच्च गरेर पढछ, र नमाज पश्चात दुईवटा खुत्बा दिन्छ । र

ईदको नमाजमा नमाजको आरम्भमा तक्बीरहरूको अभिवृद्धि गर्नु वैधानिक कुरो हो, यसर्थ पहिलो रक्अतमा पाठन शुरू गर्नु अघि ६ वटा तक्बीरहरूको वृद्धि गर्नु पर्नेछ नमाजलाई आरम्भ गर्ने तक्बीर (तक्बीरतुल एहराम) बाहेक, अनि सूरतुल् फातिहाको पाठन गरेर कुरआनबाट जे सम्भव होस् त्यसको पाठन गरियोस्, अनि रुकूअ् र ढोग गरेर पहिलो रक्अत पूर्ण गरे पश्चात देस्रो रक्अतमा पाँच तक्बीरको वृद्धि गर्नु पर्नेछ ढोगबाट उठदा भनेको तक्बीर बाहेक, अनि सूरतुल् फातिहा र जे पनि कुरआनबाट सम्भव होस् त्यसको पाठन गरियोस् अनि रुकूअ् र ढोग एवं तशह्हुद गरेर सलाम फेर्दै नमाजलाई सम्पन्न गरोस् ।

## पवित्र मक्का र मस्जिदे हराम :

मस्जिदुल् हराम मक्कामा स्थित छ जुन अरब महाद्वीपको पश्चिमी भागमा छ । यस नगरको इस्लाममा अत्याधिक श्रेष्ठता वर्णन छ, र यसैमा सम्मानित कअ्बा स्थित छ जुन मुसलमानहरूको किब्ला हो जसतर्फ मुखगरी मुसलमानहरू आफ्नो नमाजको आयोजना गर्छन् । र यस बाहेक अरु विभिन्न पूजापाठको आयोजना यसैतर्फ अनुहार गरेर गर्दै आएका छन् जसको आदेश अल्लाहले आफ्नो भक्तहरूलाई दिएका छन् । र यो यस विश्वको पहिलो मस्जिद हो किनकि जब प्रतिष्ठित सहाबी अबूजर गेफारी रजिअल्लाहो अन्होले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोध्नु भयो: हे अल्लाहको रसूल यस धरतीको पहिलो मस्जिद चाहिँ कुन हो ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उत्तर दिनु भयो: मस्जिदुल् हराम, (अर्थात मक्कामा बैतुल्लाहको वरिपरि बनेको मस्जिद) । ( बुखारी, मुस्लिम )

र मस्जिदुल् हराममा पढिएको नमाजको पुण्यमा अभिवृद्धि गरिन्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ मेरो यो

मस्जिदमा पढिएको नमाज समस्त मस्जिदहरूको एक हजार नमाजभन्दा श्रेष्ठ छ मस्जिदुल् हराम बाहेक, र मस्जिदुल् हराममा पढिएको नमाज त्यस बाहेकका समस्त मस्जिदहरूमा पढिएको एक लाख नमाजभन्दा श्रेष्ठ छ " । ( सहीहुत्तरगीब लिल् अल्बानी )

मक्काभित्र अल्लाहले आफ्ना समस्त सृष्टिहरूमाथि वर्जित गरेका छन् कि त्यसमा रक्तपात गरुन् वा अन्याय अत्याचार गरुन्, वा त्यसमा भएका जनावरहरूको शिकार गरुन्, वा त्यसका रुख विरुवालाई उखेलुन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " निःसन्देह मक्कालाई अल्लाहले हराम गरेका हुन् कुनै मानिसले हराम गरेको होइन तसर्थ कुनै व्यक्तिलाई यो वैध छैन जुन अल्लाह र प्रलयको दिनमाथि आस्था राख्दछ कि त्यो मक्काको सीमामा रक्तपात गरोस् वा त्यसका रुख विरुवालाई उखेलोस् " । ( बुखारी, मुस्लिम )

जस्तोकि यो मक्का शहर अल्लाह र अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लम निकट सबैभन्दा प्रिय नगर पनि हो ।

**हज्ज :**

अल्लाहले आफ्नो घरको हज्ज (यात्रा) गर्नु त्यस व्यक्तिमाथि अनिवार्य गरेको छ जुन यस कार्यको लागि सूक्ष्म होस् । र हज्जको अर्थ हो: अल्लाहको घरको यात्रा गर्नु हज्जका समस्त कार्यहरूलाई सम्पन्न गर्नुको उद्देश्यले जुन मध्ये केही मुखबाट भनिने कार्य हुन् त केही शारीरिक कार्य हुन् जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले स्वयम् गरेर देखाएका हुन् जसरी एहरामको लुगा लगाउनु, अल्लाहको घरको सात चक्र परिक्रमा गर्नु, सफा मरवा पर्वतको बीच दुगुर्नु(सई गर्नु), अरफातको चौरमा उभ्नु, मिनामा जमरालाई कंकरी हान्नु ..... आदि ।

**हज्जको समय :**

हज्जका कार्यहरू जिल्हिज्जा महिनाको ८ तारिखदेखि १३ तारिखको बीच गरिन्छ, र यो महिना इस्लामीय संवतको बाह्रौं महिना हो । र हज्ज अनिवार्य हुनुको प्रमुख र सर्वप्रथम शर्त यो हो कि हज्ज गर्ने व्यक्ति मुसलमान, व्यस्क र सामर्थ्यवान होस्, र यसको अर्थ हो: कि मान्छे व्यस्क हुनुको साथ साथै बुद्धिमान पनि होस् अर्थात पागल अचेत नहोस् किनकि पागलमाथि हज्ज अनिवार्य छैन ।

**हज्जका श्रेष्ठताहरू :**

* हज्ज सर्वोत्कृष्ट र सर्वोत्तम कार्यहरू मध्ये एक हो, किनकि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो कि सर्वोत्कृष्ट कार्यहरू कुन कुन हुन् ? त उहाँको उत्तर थियोः " अल्लाह र त्यसको सन्देष्टामाथि आस्था राख्नु, अनि भनियो यस पछि कुन कार्य हो ? त उहाँले भन्नु भयोः अल्लाहको मार्गमा युद्ध गर्नु, अनि भनियो तत्पश्चात ? त उहाँले भन्नु भयोः स्वीकृत हज्ज " । ( बुखारी, मुस्लिम )

* हज्जको मौसम क्षमायाचनाको लागि विशाल अवसर हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसले हज्ज गर्छ र अनुचित कुरा र कार्यहरूबाट बाँच्छ त त्यो आफ्नो घर यसरी फर्केर आउँछ जसरी आफ्नो आमाको पेटबाट ( पापमुक्त) जन्मेको थियो " । ( बुखारी, मुस्लिम ) अर्थात पापमुक्त भएर आफ्नो घर फर्कन्छ जसरी आमाको पेटबाट आजै पापमुक्त जन्मेको होस् ।

* हज्जको मौसम नर्कबाट मुक्त हुनुको सुअवसर हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " अरफातको दिन जस्तो अधिक अल्लाह अरु कुनै दिन पनि भक्तहरूलाई नर्कबाट मुक्ति प्रदान गर्दैन " । ( मुस्लिम )

* हज्जको प्रतिफल स्वर्ग हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " स्वीकृत हज्जको प्रतिफल स्वर्ग बाहेक केही होइन " । ( बुखारी, मुस्लिम )

हाम्रो समाज र स्वयम् हाम्रो लागि हज्जमा विशाल र महान उद्देश्यहरू छन् यसै कारण जब अल्लाहले हामीमाथि अनिवार्य गरेको हदि्य ( बलि) को वर्णन गरेको छ जसलाई हाजी मान्छे कुर्बानीको दिन अल्लाहको निकट्ता प्राप्तिको लागि बलि गर्छ त भनेको छ :

﴿ لَن يَنَالَ ٱللَّهَ لُحُومُهَا وَلَا دِمَآؤُهَا وَلَٰكِن يَنَالُهُ ٱلتَّقْوَىٰ مِنكُمْ ﴿٣٧﴾ ﴾ الحج: ٣٧

अर्थ : कुर्बानीको मासु अल्लाह छेउ पुग्दैन न त उनीहरूको रगत अपितु उसलाई त तिम्रो हृदयको धर्म परायणता पुग्दछ । ( सूरतुल् हज्ज ३७ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " बैतुल्लाहको परिक्रमा, सफा मरवा बीच दगुर्नु, र कंकरी हान्नुलाई अल्लाहले मात्र आफ्नो स्तुति गर्नुको लागि अनिवार्य गरेको छ " । ( अबू दाऊद )

र हज्जका उद्देश्यहरू मध्ये निम्न पनि हुन् :

* अल्लाहको लागि पूर्णत :नत्मस्तक हुनु, किनकि हाजी श्रृंगार र रमाउने कुराहरूबाट बाँच्छ, र एहरामको सेतो लुगा लगाएको हुन्छ जुन यो जाहेर गर्छ कि त्यो अल्लाहको मुखापेक्षी छ, र त्यो सांसारिक लोभ लाल्साबाट मुक्त छ, जुन त्यसलाई अल्लाहको निकट्ताबाट टाढा लग्ने समाग्रीहरू हुन् । अनि त्यो आफ्नो मालिकको कृपा दया र क्षमाको अधिकारी भइहाल्छ, अनि अरफातको चौरमा आफ्नो पालनहारको सामुन्ने नतमस्तक भई त्यसले त्यसमाथि गरेको अनुकम्पा र उदार अनुग्रहको आभार प्रकट गर्छ, र आफ्नो पापको क्षमाको लागि रोई रोई याचना गर्छ ।

* मान्छे हज्ज गरेर दुई प्रकारले अल्लाहको कृतज्ञता प्रकट गर्छ, प्रथमः अल्लाहले त्यसलाई प्रदान गरेको सम्पत्तिबाट कृतज्ञता प्रकट गर्छ, र दोस्रोः अल्लाहले प्रदान गरेको स्वस्थ शरीरबाट त्यसको आभार प्रकट गर्छ । र यी दुवै कुरा पूर्ण विश्वका ती महान र सर्वोत्तम अनुग्रहहरू मध्येका हुन् जुन संसारिक जीवनको लागि अति आवश्यक छन् र जुन त्यसलाई अल्लाहद्वारा प्रदान गरिएका छन्, त मान्छे हज्जको माध्यमले यी दुवै अनुकम्पा पाएकोमा आफ्नो पालनकर्ताको कृतज्ञतालाई प्रकट गर्नुलाई

दर्शाउँछ । र यो यसरी कि मान्छे आफ्नो शरीरले हज्जका समस्त कार्यहरूलाई गर्नुमा परिश्रम गर्छ, र आफ्नो माललाई हज्जको लागि खर्च गरेर आफ्नो पालनकर्ताको निकट्ताको अभिलाषी हुन्छ, र त्यसको आदेशको अनुपालन गर्छ । र यस कुरामा कुनै सन्देह छैन कि अनुग्रहमाथि आभार प्रकट गर्नु स्वभाविक कुरा हो, जसलाई हाम्रो आत्मा र हृदय पनि स्वीकार्दछ र धर्महरूको विधान अनुकूल पनि छ ।

* हज्जको अवसरमा विश्वका समस्त कुना काप्चाबाट मुसलमानहरू मक्कामा भेला हुन्छन् अनि एकआर्कासित परिचय प्राप्त गर्छन् र एक आर्कासित स्नेह र प्रेमको आदानप्रदान गर्छन्, अनि रङ्गनस्लको गोत्र वंशको, समृद्धता र गरिबीको, भाषा भाषीको भिन्नता र भेदभावको अन्त्य भइहाल्छ, र मुसलमानहरू एउटै समूह रसम्प्रदाय हुन् यो कुरो सिद्ध हुन्छ, यस महान र विशाल मानवताको सभामा, जसरी कि सहाबाहरूको एकमत भएको थियो भलाई र अल्लाहको तक्वा माथि, र सत्कर्मको निमन्त्रण र कुकर्मबाट रोक्नुमाथि । यस हज्जका उद्देश्य विशाल र महान छन् जुन संसारिक जीवनको स्रोतलाई आकाशको साधनबाट जोड्दछन् संलग्न गर्दछन् ।

* हज्ज मुसलमानलाई प्रलयको दिनलाई सम्झना गराउँछ, र यो यसरी कि जब त्यो दैनिक लगाउने लुगालाई फुकाली एहरामको सेतो लुगा लगाएर तल्बीया पुकार्दछ, र अरफातको चौरमा उभ्छ, र समस्त मान्छेहरूलाई उसै जस्तो लुगा लगाएको हेर्दछ त त्यस समय त्यसको हृदयमा ती सबै घट्नाहरूको चित्रण सुदर्शित हुन्छ जुन त्यसमाथि मृत्यु पश्चात घटित हुनेवाला छ, त त्यो अल्लाहसित त्यसबाट मुक्ति पाउने याचना गर्छ, र त्यसको लागि संसारिक जीवनमा नै तयारी गर्न थाल्छ यस अघि कि त्यो आफ्नो पालनकर्ता अगाडि मरणोपरान्त उभोस् ।

* हज्जको माध्यमले हामी अल्लाहको एकेश्वरत्वलाई दर्शाउँछौं र त्यसैको लागि आफ्ना समस्त क्रियाकलाप पूजा अराधना विशेष गर्छौं, किनकि हज्जका समस्त कार्यहरू एकेश्वरवादमा निर्भर छन् जसरी कि निम्नको तल्बिया, जसलाई हाजी प्रत्येक समय जाप गर्छः " लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक लाशरीकालका लब्बैक, इन्नल् हम्दा वन्निअ्मता लका वल्मुल्क, लाशरीकालक " । यसर्थ हज्जका प्रत्येक कार्य र कुराबाट मात्र एकेश्वरवादको नै बोध हुन्छ ।

## उमरा

उमरा हो अल्लाहको पूजा गर्नु एहराम लगाएर, कअ्बाको परिक्रमा गरेर, सफा मरवाको सई गरेर, टाउकोलाई खौराएर वा त्यसलाई कटाएर । र यो सूक्ष्म र सामर्थ्यवान मान्छेमाथि पूर्ण जीवनमा मात्र एक पटक अनिवार्य छ, तर कैयौं पटक गर्नु उत्तम र सुन्नत हो । र सालभरी यसको आयोजना गर्नु जायज छ, र रमजानको महिनामा यसको पुण्यमा अभिवृद्धि पनि गरिन्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " रमजानमा गरिएको उमराको पुण्य हज्जको बराबर हुन्छ " । ( बुखारी, मुस्लिम )

## उमराको तरिका

**एहराम:** जब व्यक्ति उमरा गर्ने इच्छा गरोस् त त्यसको लागि अनिवार्य छ कि त्यो आफ्नो लुगालाई फुकाली यस प्रकार स्नान गरोस् जसरी सहवास पश्चात गर्छ, अनि सम्भव होस् त उत्तम सुगन्ध आफ्नो टाउको र दाह्रीमा प्रयोग गरोस् (लगाओस्) र त्यो सुगन्ध यदि एहराम लगाए पश्चात पनि बाँकी रहन्छ भने कुनै दोष छैन । जस्तोकि हजरत आइशाको हदीसमा वर्णन छ : " कि रसूल सल्लल्लाहो अलैहे वसल्लम जब एहराम लगाउनको लागि इच्छा गर्थे त सर्वोत्तम

सुगन्धको प्रयोग गर्थे, अनि म उहाँको कपाल र दाह्रीमा मिस्कको निशान हेर्थे " । ( बुखारी, मुस्लिम )

अनि स्नान गरे एवं सुगन्ध प्रयोग गरे पश्चात एहरामको लुगा लगाओस्, अनि रजस्वला र सुत्केरीको रगत आउने महिलाहरू बाहेक सबैलाई चाहियो कि यदि फर्ज (अनिवार्य) नमाजको समय छ भने फर्ज नमाज पढोस्, र यदि फर्ज नमाजको समय छैन भने वजूको सुन्नतको नीयत गरी दुई रक्अत नमाज पढ्ोस्, अनि जब नमाज सिद्धयाओस् त एहरामको नीयत गर्दै यो तल्बिया पढोस् अर्थात पाठन गरोस्: " लब्बैक उमरतन्, लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक लाशरीकालका लब्बैक, इन्नल् हम्दा वन्निअ्मता लका वल्मुल्क, लाशरीकालक " । र यसलाई पाठन गर्नुको लागि पुरुष मान्छे आफ्नो स्वरलाई उच्च गरोस्, तर महिला यति स्वरमा मात्र पढोस् जसलाई त्यसको छेउमा भएको मान्छे सुनिहालोस् ।

तर यदि कुनै मान्छेलाई एहराम लगाउँदाखेरि कुनै प्रकारको भय वा बाधाको खतरा वा सम्भावना होस् कि त्यो त्यस बाधाको कारण उमराका कार्यहरू सम्पन्न गर्न सक्दैन त त्यसलाई चाहियो कि एहराम लगाउँदाखेरि

भनोस्: “ इन् हबेसनी हाबिसुन् फमहल्ली हैसु हबेसतनी ” अर्थात यदि मलाई विरामी वा कुनै विलम्ब वा बाधाले वा अरु कुनै कुराले मेरो यो कार्यलाई सम्पन्न गर्नुमा बाध्य भयो भने म आफ्नो एहरामबाट त्यहीँ हलाल भइहाल्छु अर्थात त्यसको बन्देजबाट मुक्त भइहाल्छु । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले जेबाअह् बिन्ते जुबैरलाई आदेश दिनु भयो जब उनी एहराम लगाउने इच्छुक भइन् यस अवस्थामा कि उनी विरामी थिइन् कि उनी यो शर्त लगाउन्, र भन्नु भयो: “ तिम्रो लागि तिम्रो पालनकर्तामाथि त्यो छ जसलाई तिमीले शर्तवद्ध गऱ्यो ” । ( बुखारी, मुस्लिम )

त जसले पनि शर्त लगायो र त्यो घटित पनि भयो जसले त्यसलाई यस शुभ कार्यलाई गर्नुबाट बाध्य गरिदियो त त्यो एहरामको बन्देजबाट मुक्त भइहालोस् अर्थात एहरामलाई फुकालोस्, र यसो गर्नाले त्यसमाथि कुनै दोष पाप आउँदैन । तर जुन मान्छेलाई कुनै कुराबाट भय नहोस् कि त्यो यस कार्यलाई छाड्नुमा बाध्य हुन् सक्छ त त्यसलाई चाहियो कि यो शर्त नलगाओस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यस्तो अवस्थामा शर्त गलाउनु भएन, नत कसैलाई हुकुम गर्नु भयो, र जेबाअह् बिन्ते जुबैरलाई यस

कारण हुकुम गर्नु भएको थियो किनकि उनी विरामी थिइन् ।
र जब मान्छे मक्का नजिक पुगोस् त त्यसलाई चाहियो कि स्नान गरोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मक्कामा प्रवेश गर्ने समय स्नान गर्नु भएको छ । अनि जब मस्जिदुल् हराममा प्रवेश गरोस् त आफ्नो दायाँ खुट्टालाई अगाडि गरोस् र भनोस्: " बिस्मिल्लाह वस्सलातु वस्सलामु अला रसूलिल्लाह, अल्लाहुम्मगफिरली जुनूबी वफ्तहली अब्वाबा रहमतिका, अऊजु बिल्लाहिल् अजीम्, वबिवजहेहिल् करीम, वबिसुल्तानेहिल् कदीमि मिनश्शैतानिर्रजीम " ।
अनि हज्रे अस्वदतिर प्रस्थान गरोस् ताकि परिक्रमाको आरम्भ गर्न सकोस्, अनि हज्रे अस्वद (कालो ढुँगा ) लाई आफ्नो दायाँ हातले स्पर्श गरी त्यसलाई चुमोस् तर यदि हज्रे अस्वदलाई चुम्नु सम्भव नहोस् त आफ्नो हातलाई नै चुमोस् यदि हातले त्यस पत्थरलाई स्पर्श गरेछ । तर यदि हातले पनि स्पर्श गर्नु सम्भव छैन भने हज्रे अस्वदतर्फ अनुहार गरी आफनो हातले संकेत गरोस् तर संकेत गरे पश्चात हातलाई नचुमोस् ( बरु संकेत गर्नु नै प्रयाप्त छ ) । र हज्रे अस्वदलाई स्पर्श गर्दा यो दुआ पढोस्: " बिस्मिल्लाहि अल्लाहु अक्बर, अल्लाहुम्मा ईमानन्

बिक, वतस्दीकन् बिकिताबिका ववफाअन् बिअहदिक, वत्तिबाअन् लिसुन्नते नबीइका मुहम्मदिन् सल्लल्लाहो अलैहे वसल्लम ” ।
अनि परिक्रमाको आरमभ गरोस्, र परिक्रमाको आरम्भदेखि अन्त सम्म इज्तिबाअ् गरोस्, र इज्तिबाअ् गर्ने तरिका यो हो कि ओढ्ने एहरामको च्यादरलाई आफ्नो दायाँ काँखाको तल गरेर च्यादरका दुवै कुनालाई देर्बे काँधामाथि राखोस् । अनि समस्त परिक्रमालाई यसै अवस्थामा पूर्ण गरोस् अनि च्यादरलाई पहिलाको अवस्थामा ल्याओस् अर्थात सामान्य अवस्था झैं त्यसलाई ओढोस् किनकि इज्तिबाअ् मात्र परिक्रमाको लागि नै गरिन्छ । र परिक्रमाको दोस्रो महत्वपूर्ण कुरा के छ भने परिक्रमाको आरम्भिक तीन चक्रमा रमल गर्नुपर्छ, र रमलको अर्थ हो: दुवै खुट्टालाई नजिक नजिक गरेर हिंड्नु । र बाँकी चार चक्रहरूमा सामान्य चाल चलोस् त्यसमा रमल छैन ।
अनि बैतुल्लाहलाई आफ्नो देर्बेतर्फ गरेर परिक्रमा गरोस्, र जब रुक्ने यमानी (यमनी कुना) सम्म पुगोस् त त्यसलाई स्पर्श गरोस् तर त्यसलाई चुम्नु वा त्यसलाई स्पर्श गरेर हातलाई चुम्नु अवैधानिक छ, तर यदि भीडको कारण त्यसको स्पर्श गर्न सक्दैन भने कुनै आपत्ति छैन,

यसर्थ त्यसलाई स्पर्श गर्नुको लागि अरु हाजीहरूलाई कष्ट पुगाउनु अवैधानिक कुरो हो। र रुक्ने यमानी र हज्रे अस्वद बीच यो दुआको पाठन गरोस्: " रब्बना आतिना फिद्दुनिया हसनतौं वफिल् आखिरति हसनतौं वकिना अजाबन्नार " । र जहिले पनि हज्रे अस्वद र रुक्ने यमानीको बीचबाट ग्ज्रोस् यसै दुआको पाठन गरोस् । र हज्रे अस्वदको सामुन्नेबाट जहिले पनि गुज्रोस् तक्बीर भनोस् र संकेत गरोस् । र बाँकी परिक्रमामा जे चाहोस् दुआ याचना गरोस् वा कुरआनको पाठन अथवा अल्लाहको गुणगान गरोस् किनकि कअ्बाको परिक्रमा, सफा मरवाको सई र कंकरी हान्नु अल्लाहको स्तुति गर्नुको लागि नै अनिवार्य गरिएको छ।

अनि जब सात चक्र पूर्ण गरिहालोस् त मुकामे इब्राहीमतर्फ प्रस्थान गरोस्, र यो पढोस्: " वत्तखजू मिन् मकामि इब्राहीमा मुसल्ला " अनि त्यसको पछाडि दुई रक्अत नमाज पढोस्, पहिलो रक्अतमा सूरतुल् फातिहा पश्चात सूरतुल् काफिरूनको पाठन गरोस्, र दोस्रो रक्अतमा सूरतुल् फातिहा पश्चात सूरतुल् इख्लासको पाठन गरोस्। अनि जब दुई रक्अत

पढेर समाप्त गरोस् त हज्रे अस्वद सम्म आओस् र यदि सम्भव होस् त त्यसलाई स्पर्श गरोस् । अनि मस्आ (सई गर्ने ठाउँ) तर्फ लागोस्, र जब सफा पर्वतबाट नजिक भइहालोस् त यो दुआ पढोस्: " इन्नस्सफा वल् मरवता मिन् शआएरिल्लाह " अनि सफा पर्वतमाथि यति चढोस् कि कअ्बाको दर्शन हुन् सकोस् अनि आफ्नो अनुहार कअ्बातिर गरेर दुवै हातलाई उठाएर जे चाहोस् दुआ गरोस् । र रसूल सल्लल्लाहो अलैहे वसल्लम त्यहाँ निम्नको दुआ गर्थे: " लाइलाहा इल्लल्लाहु वह्दहू लाशरीकालहू लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्लि शैइन् कदीर, लाइलाहा इल्लल्लाहु वह्दहू अनजजा वअेदहू वनसर अब्दहू " यस दुआलाई तीनचोटि पढोस् र यस बीच जे चाहोस् याचना गरोस् । अनि सफा पर्वतबाट झरोस् र मरवा पर्वततर्फ हिंड्दै जाओस्, र जब संकेतक हरियो बत्ति सम्म पुगोस् त क्षमतानुसार दुग्रोस् तर कसैलाई कष्ट नपुग्नेखालको दुगुराई होस्, र हदीसमा वर्णन छ : " कि रसूल सल्लल्लाहो अलैहे वसल्लम यस ठाउँमा यस्तो दौड लगाउँथे कि तपाईको गोलीगाँठ हेरिन्थ्यो, र तपाईको एहरामको च्यादर पिंडौलामाथि आई चक्करत हुन्थ्यो " अनि जब दोस्रो संकेतक हरियो बत्ति

सम्म पुगोस् त दौडलाई त्यागी सामान्य चाल चलोस् यहाँ सम्म कि मरवा पर्वत सम्म पुगोस्, अनि त्यसमाथि पनि चढेर हात उठाई त्यस्तै दुआ गरोस् जसरी सफामाथि गरेको थियो । अनि मरवाबाट झरेर साधारण चाल चल्ने स्थानमा साधारण चाल चलोस् र दुगुर्ने स्थानमा दुग्रोस्, र जब सफा पर्वतमा पुगोस् त पहिला झैं फेरि गारेस्, र यसरी सात चक्र पूर्ण गरोस् । र यो ज्ञात रहोस् कि सफादेखि मरवा पर्वत सम्म एक चक्र भयो र मरवादेखि सफा सम्म दोस्रो चक्र भयो यसरी सात चक्रको गणनालाई पूर्ण गरोस् र यसमा जे मनपरे दुआ गरोस् अथवा अल्लाहको सतुति एवं गुणगान गरोस् ।

अनि जब सात चक्र पूर्ण गरिहालोस् त आफ्नो टाउको खौराओस् यदि उमरा गर्ने मान्छे पुरुष हो, तर यदि महिला हो भने एक औलाको पोर ( टुप्पो) बराबर कपाललाई काटोस् । र टाउको खौराउनुको लागि यो अनिवार्य छ कि समस्त कपाललाई फालोस्, र यस्तै जुन मान्छे कपाललाई नखौराइकन् कटाउँछ त्यसको लागि पनि अनिवार्य छ कि समस्त कपाललाई कटाओस् । र कपाल कटाउनु भन्दा खौराउनु उत्कृष्ट र उत्तम छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले टाउको खौराउनेहरूको लागि

तीन पटक दुआ गर्नुभएको छ, र कपाल कटाउनेहरूको लागि मात्र एक पटक । तर यदि हज्जको दिन नजिक छ र कपालको उत्पात हुनुको सम्भावना छैन भने उमरामा कपाललाई कटाउनु नै उत्तम र उत्कृष्ट मानिन्छ, ताकि हज्जमा टाउको खौराओस् । र यसको प्रमाण हो नबी सल्लल्लाहो अलैहे वसल्लमको अन्तिम हज्जमा आफ्ना साथीहरूलाई आदेश गर्नु कि उनीहरू उमरामा अआफ्ना कपाललाई कटाउन् किनकि उनीहरू जिल्हिज्जाको चौथो तारिखको दिन बिहानै मक्का पुगेका थिए ।

त उपरोक्तमा वार्णन गरिएका कुराहरूलाई सम्पन्न गरे पश्चात उमरा पूर्ण भयो । यसर्थ उमराको संक्षिप्त अर्थ हो : " एहराम, परिक्रमा, सफा मरवाको सई, कपाल खौराउनु वा फाल्नु " । अनि मान्छे एहरामको बन्देजबाट पूर्णरूपले मुक्त भइहाल्छ, र त्यो जे चाहोस् त्यो सबै गर्न सक्छ जुन साधारण लुगा लगाएको अवस्थामा गर्न सक्छ जसरी सुगन्धको प्रयोग गर्नु, आफ्नो स्वास्नीसित सहवास गर्नु ....आदि । यो जीवनको प्रकाशको बारेमा संक्षिप्त ज्ञान थियो, र अल्लाह नै सर्वज्ञ छ, र समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जुन समस्त ब्रह्माण्डको पालनकर्ता र स्वामी हो ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# ***समाप्त***

***अनुवादक***

अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगर पालिका वॉर्ड नं.९
महुवा तौलिहवा कपिलवस्तु
नेपाल
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com